## पूर्ण इजलास

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रि.नं. २०६८-WF-००१०, बन्दीप्रत्यक्षीकरण, *विश्वराज यादव समेत वि. इलाका प्रहरी कार्यालय, पोखरिया, पर्सा समेत*

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अति नै प्यारो र महत्त्वपूर्ण हुन्छ। कैदमा बसेको अवस्था भनेको निश्चित्‌रूपमा उसको वैयक्तिक स्वतन्त्रतामा बन्देज लागेको अवस्था हो। अहिलेको समयमा फौजदारी कानूनको उल्लङ्घन गरेबापत हुने कडा सजायको रूप भनेको मूलतः कैदको सजाय हो। व्यक्तिको जीवनमा थुनामा बसेको दाग लाग्नु भनेको गम्भीर कुरा हुन्छ। यस अवस्थामा कुनै व्यक्तिउपर लागको कैद सजायबापतमा धरौट राखी त्यस्तो कैद सजायउपर चुनौती भई विचाराधीन अवस्थामा सोही कैद असूल गर्न कैदमा पठाउनु न्यायोचित् हुन नसक्ने।

निवेदकहरूले यस अदालतमा आफैं उपस्थिति भई धरौट वा जमानत राखी पाउन निवेदन दिएका छन्। यस अदालतले त्यसरी समर्पण (Surrender) गरी आउँदाको बखतमा नै धरौट वा जमानत अस्वीकार गरी फैसलाअनुसार निजहरूलाई कैदमा पठाउन सक्ने अवस्था रहेको थियो। तर त्यसो नगरी यस अदालतले लागेको कैदबापत धरौट राख्ने अनुमति दिएको अवस्था छ। त्यस्तो अनुमति दिनु भनेको उक्त निवेदनको अन्तिम किनारा नभएसम्म कैदको सजाय कार्यान्वयनलाई स्थगन गर्नु हो। त्यसका अतिरिक्त यस अदालतबाट दिइएको तारीख गुजारी बसेमा राखेको धरौटी जफत हुने कुरा समेत यी निवेदकबाट कागज गराइएको छ। त्यसरी कागज गरेर अदालतमा समर्पण गरिरहेको व्यक्तिले आफूले दायर गरेको रिटको तारीखमा उपस्थित हुने र सुनुवाइमा सहभागी हुन पाउने अधिकार पनि हो। यस अदालतले निजको स्वच्छ सुनुवाईको अधिकारको प्रत्याभूति दिई त्यस्तो अधिकारको उपभोगको सुनिश्चितता पनि प्रदान गर्नुपर्ने हुन्छ। त्यस्तो मूल्य र मान्यताको प्रतिकूल हुने किसिमका कामकारवाहीलाई कुनै किसिमले पनि उचित ठहऱ्याउनु युक्तियुक्त र न्यायसंगत् हुन नसक्ने।

पर्सा जिल्ला अदालतबाट भएको यी निवेदकहरूलाई दुई वर्षको कैद सजाय हुने फैसलाउपर परेको रिट यस अदालतमा विचाराधीन रहेको र अ.बं. १९४ नं. अनुसार धरौट राखी यी निवेदकहरू कारवाहीमा रहिरहेको अवस्थामा फैसला कार्यान्वयन गरी कैद असूल गर्नु परस्पर विरोधी भई न्यायोचित् हुनसक्ने देखिएन। तसर्थ यी निवेदकहरूलाई फैसलाबमोजिम कायम भएको कैद लगत असूल गर्न भनी कैदी पूर्जी दिई कैद भुक्तानका लागि कारागारमा राख्न पठाइएको समेत कार्य गैरकानूनी भई बदरभागी देखिने।

रिट निवेदकहरू विश्वराज यादव र अमृका अहिरलाई पर्सा जिल्ला अदालतबाट मिति २०६९।१।३१ मा दिइएको कैदी पूर्जी लगायतको कामकारवाहीहरू बदर गरी उक्त पूर्जीबमोजिमको कैदबाट मुक्त गर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको रिट नं. २०६९-WF-०००१, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ, *मोदक पराजुलीको हकमा अभिमन्यू लामिछाने वि. कारगार कार्यालय, उदयपुर समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** रि.नं. २०६८-WO-०७८६, परमादेश, *जिल्ला विकास समिति महासंघ नेपालको तर्फबाट अख्तियारप्राप्त माधवप्रसाद पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक अधिवक्ता चन्द्रकान्त ज्ञवाली समेत विरूद्ध सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल समेत भएको रिट नं. ०६५-WO-०६८८ को रिट निवेदनमा तत्काल स्थानीय निकायलाई निर्वाचित जनप्रतिनिधिमार्फत् सञ्चालन गर्न गराउन निर्वाचनको मिति घोषणा गर्न परमादेशलगायतका उपयुक्त आदेश

जारी गरिपाऊँ भन्ने माग दावी गरिएकोमा यस अदालतबाट स्थानीय तहमा निर्वाचित प्रतिनिधिबाट शासित हुन पाउने स्थानीयवासीहरूको धारा १३९ को हक प्रयोग गर्न नपाइएको तर्फ सरकारको ध्यानाकर्षण गराउने गरी मिति २०६६।८।१० मा निर्णय भएको पाइन्छ। तर सो आदेश भएको करीव तीन वर्ष अवधि व्यतीत हुँदा समेत त्यसको कार्यान्वयन हुन सकेको नदेखिने।

धारा १३९(३) मा स्थानीय स्वायत्त शासनसम्बन्धी निकायको संगठनात्मक संरचना, त्यसको स्वरूप र प्रादेशिक इलाका तथा गठन विधि कानूनमा व्यवस्था भएबमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको पाइयो। स्थानीय निकायहरूमा जनप्रतिनिधिको निर्वाचन गर्नका लागि संविधानको उक्त व्यवस्थानुसार विद्यमान ऐन नियममा सामयिक संशोधन वा नयाँ ऐन कानूनको निर्माण हुनुपर्ने हुन्छ। तर सोअनुसारका कानून बनिसकेको भन्ने अवस्था देखिएको छैन। यस्तो स्थितिमा निवेदकको मागबमोजिमको स्थानीय निकायको निर्वाचनको तिथि, मिति घोषणा गर्नका लागि परमादेश जारी हुनसक्ने अवस्था देखिन नआउने।

लामो सयमसम्म स्थानीय निकायमा जनप्रतिनिधिको निर्वाचन हुन नसक्दा संविधानको धारा १३९(१) को कार्यान्वयन हुन नसकेको, राज्यका तर्फबाट ती निकायमार्फत् जनताले पाउने सुविधाहरू र विकास निर्माणका कामकारवाही प्रभावित भएका, जनताले आफ्नो प्रतिनिधि आफैं छनौट गर्न पाउने अधिकारको प्रयोग गर्न नपाएका, लोकतन्त्र र स्थानीय स्वायत्त शासनमा नकारात्मक असर परेको तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ समेतका कानूनको कार्यान्वयनमा समस्याहरू देखा परेको अवस्थालाई विचार गरी उपयुक्त र आवश्यक प्रबन्ध मिलाई यो विषयलाई प्राथमिकता दिई यथासमयमा स्थानीय निकायको निर्वाचन गर्न, गराउन विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः टीकाराम आचार्य

इति संवत् २०६९ साल कात्तिक २२ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६८-WO-००४०, परमादेश, *दीपेन्द्र अधिकारी वि. सूचना तथा सञ्चार मन्त्रालय समेत*

राष्ट्रिय समाचार समिति (कर्मचारी सेवा शर्त) विनियमावली, २०५६ को विनियम २९ मा योग्यताक्रममा परेका उम्मेद्वारले नियुक्ति पत्र लिन नआएमा वा नियुक्तिपत्र लिई बिनासूचना कार्यालयमा हाजीर नभएमा वा एक वर्षभित्र सेवा छाडी गएमा प्रतीक्षासूचीमा रहेका उम्मेद्वारहरूलाई योग्यताक्रमअनुसार नियुक्ति पत्र दिइनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ। विनियमको उक्त व्यवस्थाले नियुक्तिपत्र लिएको व्यक्तिले एक वर्षभित्र सेवा छाडी गएर पद रिक्त भएको स्थितिमा प्रतीक्षासूचीमा रहेका उम्मेद्वारलाई नियुक्ति दिनुपर्ने।

रुक्माङ्गत अर्यालको नियुक्ति बदर भई रिक्त हुन आएको पदमा यी रिट निवेदकलाई नियुक्ति दिइनु पर्नेमा राष्ट्रिय समाचार समितिको पदपूर्ति समितिमा लोक सेवा आयोगको प्रतिनिधि रिक्त रहेको कारणले वा अन्य प्रक्रियागत कारणले नियुक्ति सिफारीश हुन नसकेको तर्क दिई नियुक्ति दिन नमिल्ने भन्नु उचित र कानूनसम्मत् नदेखिएकाले रिट निवेदकको मागबमोजिम रिक्त हुन आएको अधिकृतस्तर तह ६, उपसम्पादक (अंग्रेजी) पदमा निवेदक दीपेन्द्र अधिकारीलाई नियुक्ति दिनु भनी विपक्षीका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल भदौ २४ गते रोज १ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-CI-०१६०, अंश, *प्रेमलक्ष्मी शर्मा वि. प्रमीला शर्मा*

मुलुकी ऐन, अंशबण्डाको महलको १७ नं. मा अंशबण्डा गर्दा विवाह नभएका अंशियाराको विवाह खर्च छुट्याउने व्यवस्था रहेको पाइन्छ। उक्त ऐनको व्यवस्था विवाह खर्चसम्म सीमित रहेको छ। अंशबण्डा गर्दा मूल अंश दिने बाबुआमाको छोरा वा छोरी रहेछन् भने उल्लिखित ऐनको व्यवस्थाबमोजिम अंशबण्डा हुने सम्पत्तिबाट विवाह खर्च पर सार्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा अंशियारामध्येका हिमांशु शर्माको विवाह

नभएको तथ्यमा विवाद देखिँदैन । विवाह नभएका अंशियारा हिमांशु शर्माको कानूनबमोजिमको विवाह खर्च पर सारी वादी र प्रतिवादीबीच अंशबण्डा गर्नु पर्नेमा पुनरावेदन अदालतबाट फैसला हुँदा सो गरेको नपाइँदा विवाह खर्च पर नसारी शुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६७।८।२२ को फैसला सो हदसम्मको मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०९०८, मोही नामसारी, *त्रिपुरारीप्रसाद सिंह वि. टिरहाराम मोची*

वादीका पिताले आफूले दावी गरी प्राप्त नगरेको मोही हक स्वर्गीय पिताको नाममा कायम गराई आफ्नो नाममा नामसारी गराउनलाई भूमिसम्बन्धी ऐन, २०२१ ले वादीलाई त्यस्तो हक प्रदान गरेको देखिएन । यस्तै प्रकृतिको संवत् २०६७-CI-००६४, पुनरावेदक राजेन्द्रप्रसाद सिंह, प्रत्यर्थी देवीलाल चौधरीको मु.स. गर्ने उमाकान्त चौधरी भएको मोही नामसारी मुद्दामा मोही दर्ता नामसारी नहुने भनी यस अदालतबाट मिति २०६९।३।१५ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । अतः दावीको जग्गामा मोहीको हैसियतले कमाउने व्यक्ति सुनर हरिजनले आफ्नो नाउँमा मोही कायम गरी पाउन वा मोहीको नाम दर्ता गरिपाउन दावी गर्न नसकेको हुँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(१) अनुसार सो हक वादीलाई प्राप्त हुने अवस्था नदेखिनुको साथै वादीका बाबुको नाममा मोही हक कायम नभएको अवस्थामा उक्त ऐनको दफा २६(१) अनुसार निजका नाउँमा मोही नामसारी हुने अवस्था देखिन नआउने ।

उल्लिखित सिद्धान्त समेतका आधारमा वादीको दावीअनुसार स्व. सुनर हरिजनको नाममा कि.नं. ५७० को जग्गाको मोही दर्ता भई निजका नाममा मोही नामसारी हुन सक्ने अवस्था नदेखिएकोमा वादी दावीअनुसार मोही नामसारी हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।८।३० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-WO-०९४५, उत्प्रेषण समेत, *रामेश्वर यादव वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनको आधारमा पदपूर्तिसम्बन्धी सम्पन्न भैसकेको कामकारवाही र सूचना खारेज गरेको भन्ने नेपाल सरकारको लिखित जवाफ जिकीरका सम्बन्धमा विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार आयोग सरकारको नियन्त्रण गर्ने नियमनकारी संस्था रहेको देखिँदैन । सो ऐनको दफा २८ बमोजिम आयोगले सरकार वा सरकारी निकायलाई सुझाव वा निर्देशन दिन सक्दछ । तर आयोगको निर्देशन कुनै व्यक्तिको हकमा प्रतिकूल असर नपर्ने भएमा वा कुनै कानूनको प्रतिकूल नहुने भएमा मात्र कार्यान्वयन गर्न सकिने हुन्छ । अर्थात् आयोगको निर्देशनबाट कसैको हक वा हित प्रतिकूल नभएमा वा कानूनप्रतिकूल नहुने भएमा मात्र मान्न सकिने हुन्छ । प्रस्तुत रिट निवेदकले ऊर्जा मन्त्रालयको विज्ञापनबमोजिम कार्यकारी निर्देशकको पदका लागि आवेदन दर्ता गरी प्रतिस्पर्धाका सबै प्रक्रिया पूरा गरी अन्तर्वार्तामा समेत संलग्न भएको देखिएको र यस्तो अवस्थामा सो विज्ञापनबमोजिम प्रतिस्पर्धाको आधारमा लिइएको अन्तर्वार्ता र मूल्याङ्कनबमोजिम नतिजा प्रकाशन गरी सर्वोत्कृष्ट हुनेलाई कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नुपर्नेमा प्रतिस्पर्धाको आधारमा लिइएको अन्तर्वार्ता र मूल्याङ्कनबमोजिम नतिजा प्रकाशन नगरी भइसकेको सम्पूर्ण प्रक्रिया नै खारेज गरेको कार्य असल नियतले गरेको नदेखिई बद्नियतपूर्वक भएको देखिँदा नेपाल सरकार ऊर्जा मन्त्रालयको मिति २०६८।१०।२६ को मन्त्रिस्तरीय निर्णय, सो मन्त्रालयको मिति २०६८।१२।२१

को सूचना र सोको आधारमा सार्वजनिक संस्थान निर्देशन बोर्डबाट प्रकाशन भएको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको पदपूर्तिसम्बन्धी मिति २०६८।१२।२६ र मिति २०६८।१२।२८ समेतका सबै सूचनाहरू र सो कामकारवाहीबाट निवेदकको संवैधानिक र कानूनी हकमा अघात पर्ने देखिएकोले ती सूचना र निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने र अब ऊर्जा मन्त्रालयको मिति २०६८।८।१५ को विज्ञापनबमोजिम नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि यी विनेदकसहितका उम्मेदवारको छनौट गरी लिइएको मिति २०६८।९।२९ को अन्तर्वार्ताको नतिजा प्रकाशन गरी सर्वोत्कृष्ट ठहरिएकालाई उक्त पदमा कानूनबमोजिम नियुक्ति दिनु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल असोज १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-WO-१०४७, उत्प्रेषण समेत, *विवेकभूषण प्रियदर्सी वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर*

निवेदकले प्राथमिक शिक्षकको १० महिने आधारभूत तालिमको जुन प्रमाणपत्र पेश गरी अध्यापन अनुमतिपत्रको लागि परीक्षामा सामेल भएको र अनुमति पत्र पाएको छ, सो प्राथमिक शिक्षकसम्बन्धी तालिम नै निजले नलिएको वा निजसँग सोको वैध प्रमाणपत्र नभएको भन्ने प्रत्यर्थीहरूको लिखित जवाफ समेतबाट देखिएको हुँदा अध्यापन अनुमति पत्र प्राप्त गर्नु पूर्व लिनुपर्ने प्राथमिक शिक्षक तालिम नै नलिएका यी निवेदक अध्यापन अनुमति मात्र प्राप्त गर्न प्रथमदृष्टिमा नै अयोग्य भएको देखिन्छ । यी रिट निवेदकले आफूले सोबमोजिम शैक्षिक तालिम विधिसम्मत् तरिकाबाट तथा उक्त संस्थाबाट लिएको छु भनी देखिने सारभूत जिकीर लिन र तत्सम्बन्धी आधारभूत प्रमाण पेश गर्न सकेको रिट निवेदनबाट देखिँदैन । जुन प्रमाणको आधारमा शिक्षक स्थायी अध्यापन अनुमतिपत्र लिन योग्य हुने हो त्यो शैक्षिक तालिमको वैध प्रमाणपत्र नै यी निवेदकसँग रहेको देखिँदैन । तालिमसम्बन्धी आफ्नो मौलिक र आवश्यक योग्यता नै नभएको र तालिमसम्बन्धी योग्यताको विधिसम्मत् प्रमाण समेत दिन नसकेको अवस्थामा सो प्रमाणपत्रको आधारमा तत्पश्चात् प्रमाणपत्र प्राप्त गर्न निजको कुनै कानूनी अधिकार नै सिर्जना भएको मान्न मिल्ने हुँदैन । गैरकानूनी तरिकाबाट प्राप्त स्थायी अध्यापन अनुमतिपत्रबाट निजको कुनै कानूनी अधिकार सिर्जना नहुने हुँदा त्यस्तो अध्ययन अनुमतिपत्र रद्द गर्ने निर्णयबाट निजको कुनै कानूनी अधिकार हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०६७-WO-१०१७, उत्प्रेषणयुक्त परमादेश, *कमलादेवी झा वि. सरोजनी मानन्धर समेत*

सर्वोच्च अदालतबाट फैसला भई अन्तिम भएको अंश चलन मुद्दामा भएको फैसलाबमोजिम दण्ड सजायको ४६ नं. बमोजिम बण्डा छुट्टयाई पाउन परेको वादी/प्रतिवादीको दर्खास्तबमोजिम कार्यविधिगत कानूनी प्रक्रिया पूरा गरी फैसलाले निपटारा गरी उद्घोष गरेको विषयलाई न्यायको पूर्ण अनुभूति दिलाउन र विवादरहित बनाउन बण्डा छुट्टयाउनु पर्ने, घरजग्गाको भौतिकस्वरूप र प्रकृति समेतलाई मध्यनजर गरी व्यावहारिक रूपमा अंश नरम गरम मिलाई पक्षहरूको सहमतिमा भाग छुट्टयाई गोला प्रक्रियाद्वारा अंशियारहरूको अंश भाग समेत छुट्टयाई काठमाडौं जिल्ला अदालतका तहसीलदारबाट मिति २०६७।५।२० मा गरेको बण्डा मुचुल्का र सो मुचुल्कालाई सदर गर्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।७ र पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१२।२४ मा भएको आदेश तथा बण्डा मुचुल्काबमोजिम अंशियारहरूका नाममा भएको दा.खा. दर्ता समेतका कामकारवाहीमा कुनै संवैधानिक तथा कानूनी त्रुटिको विद्यमानता नदेखिएकोले कानूनबमोजिम भएको फैसला कार्यान्वयनमा रिट क्षेत्रबाट हस्तक्षेप

गर्नुपर्ने सम्मको कारण नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन । रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल फागुन ११ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०१९१, मिलापत्र बदर, पोखरी पूर्ववत् सार्वजनिक कायम, *मु.स. गर्ने गुजरीदेवी पञ्जियार समेत वि. मिश्री पञ्जियार*

रामजुलुम पञ्जियार पुनरावेदक प्रतिवादीहरूका बाबु भनेको र ७ नं. फाराममा विवादित पोखरी रामजुलुम पञ्जियारको हकभोग स्वामित्त्वको भनेको र कपिलेश्वर गा.वि.स. कार्यालयबाट समेत सोहीबमोजिम सिफारीश गरेको मिति २०४५।३।२६ को पत्रबाट देखिएको भए पनि सो ७ नं. फाराम रामजुलुम पञ्जियारको नाममा विवादित पोखरी जग्गा रहेको देखिँदैन । सो ७ नं. फाराम हेर्दा रामजुलुम पञ्जियार भनी लेखिएको देखिँदा उक्त रामजुलुम र जुलुम साहू भन्ने दुबै नामका व्यक्ति अन्यथा प्रमाणित नभएसम्म एकै मानी यिनै पुनरावेदक प्रतिवादीका बाबु भनी अर्थ गर्न नमिल्ने ।

पुनरावेदकले मिति २०५९।७।२५ मा विवादित पोखरीलाई निजी पोखरी कायम गर्ने गरी गरेको मिलापत्रलाई समेत हकको प्रमाणस्वरूप जिकीर लिएको देखिन्छ । तर सो मिलापत्र मुद्दाको मिसिल हेर्दा सो मिलापत्र भएको मुद्दामा यिनै पुनरावेदकहरू वादी भै नन्टुन पञ्जियारलाई प्रतिवादी बनाई यी प्रतिवादी बनाइएको व्यक्तिले विवादित पोखरीको डिलमा जग्गा खिचोला गरी घर बनाएको भन्ने भै सो घर हटाई खिचोला मेटाई पाउन मुद्दा गरेको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीले वादी भै दिएको उक्त मुद्दामा विवादित पोखरीको हकमा दावी गरेको देखिन आउँदैन । अर्थात् हक बेहकमा विवाद गरी निर्णय वा मिलापत्र भएको देखिँदैन । उक्त मुद्दामा प्रतिवादीले ऐलानी जग्गामा यी प्रतिवादीहरूको सहमतिले नै घर बनाएको भनी प्रतिउत्तर लगाई घर टहरा हटाई खिचोला छोडी मिलापत्र गरेसम्मको अवस्था देखिन्छ । सो मिलापत्रबाट पोखरीसम्बन्धी विवाद उठी सोको समाधानको लागि मिलापत्र गरेको भन्ने नदेखिँदा विवादित पोखरी जग्गामा यी प्रतिवादीहरूको हक कायम हुन नसक्ने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल चैत १९ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६५-CI-०१९२, मिलापत्र बदर, पोखरी पूर्ववत् सार्वजनिक कायम, मु.स. गर्ने *गुजरीदेवी पञ्जियार समेत वि. मिश्री पञ्जियार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नम्बर ०६६-CI-०७१५, हक कायम, *हेमनारायण साह वि. विखु साह सुडी*

गुठी संस्थानअन्तर्गतको जग्गामा गुठी संस्थान ऐन, २०३३ बमोजिम हक प्राप्त गरेको प्रमाण नभई कसैले कसैलाई हक हस्तान्तरणको लिखत लेखी दिएमा वा एकआपसमा मुद्दा गर्दैमा त्यो क्रियाबाट सम्बन्धित पक्षको कानूनी हकको सिर्जना र गुठी संस्थानको हक समाप्त हुन पनि सक्तैन । यसरी गुठी संस्थानको नाममा नापी भएको जग्गा कसैले भोग गरेको वा सो जग्गामा गुठी संस्थानले दावी विरोध नगरेकै मात्र आधारले निर्विवाद प्रमाणको अभावमा उक्त जग्गा भोग गरेकै आधारले भोग गर्ने व्यक्तिको नाममा कानूनतः स्वामित्त्वको हक पुगेको भन्न र सम्झन नमिल्ने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

- यसै लगाउको पुनरावेदन नम्बर ०६६-CI-०७१६, हक कायम, *ताराचन्द साह समेत वि. विखु साह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-CR-०४१४, ठगी, *अशोककुमार सुनुवार वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालासँग विशुद्ध लेनदेनको कारोवार गरेको नभई विदेश पठाइदिने भनी धोका दिई गलफत र झुक्यानमा पारी बेइमानीका नियतले

जाहेरवालाबाट ५ लाख रकम लिएको कार्य मात्र गरेको नदेखिई वैदेशिक रोजगारका लागि बेलायत पठाइदिने कुरा समेत प्रासंगिक रहेको देखिन्छ । तर निजसँग विदेश मानिस पठाउने कानूनबमोजिम दर्ता भएको संस्था नभएको र जुन कामको लागि भनी प्रतिवादीले रकम लिएको हो सो काम पूरा नभएपछि र लिएको रकम समेत नदिएपछि जाहेरवालाले ठगीमा जाहेरी दिएको अवस्था छ। यी जाहेरवलासँग प्रतिवादीले शुद्ध लेनदेनको व्यवहार गरेको भन्ने अवस्था र लिखत प्रमाण पनि देखिँदैन । प्रतिवादीले यी जाहेरवालासँग जस्तै गरी अन्य लगाउका ठगी मुद्दाका जाहेरवालाहरूसँगबाट पनि विदेश पठाउने भन्दै रकम लिएको तर विदेश नपाठाएको र लिएको रकम समेत नदिएको भनी ठगी मुद्दाहरू चली प्रस्तुत मुद्दाकै लगाउमा रहेको देखिँदा प्रतिवादीले एकजनासँग मात्र रकम नलिई धेरै जनासँग एउटै व्यहोरा र प्रयोजनको विश्वास दिलाई धोखा र बेइमानीका नियतले रकम लिएको देखिँदा प्रतिवादीको नियत शुद्ध र सफा रहेको भनी अर्थ गर्नुपर्नेसम्मको अवस्था देखिन्न । निजले विभिन्न जाहेरवालासँग गरेको कार्य व्यवहारबाट धोखा र बेइमानीको नियत प्रष्ट देखिँदा यस्तो अवस्थामा निज प्रतिवादीको कार्य शुद्ध लेनदेनको भनी अर्थ गर्नुपर्ने अवस्थाको नदेखिई ठगीको कसूरको परिभाषाभित्र पर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६९ साल वैशाख १८ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६५-CR-०४१५, ठगी, *अशोकुमार सुनुवार वि. नेपाल सरकार*
- ०६५-CR-०४१६, ठगी, *अशोकुमार सुनुवार वि. नेपाल सरकार*
- ०६५-CR-०४१७, ठगी, *अशोकुमार सुनुवार वि. नेपाल सरकार*

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६८-WO-०४२६, उत्प्रेषण परमादेश, *चन्द्रबहादुर कडायत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यस अदालत पूर्ण इजलासबाट (*नेकाप* २०६७, नि.नं. ८३६३, पृ. ६९९) रिट निवेदक सुमीत्रा हाडा विपक्षी लोक सेवा आयोग समेत भएको परमादेश मुद्दामा निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम ३ ले प्रष्ट रूपमा नियम प्रारम्भ भएको एकवर्षभित्र सेवा अवधि जोडाई सक्नुपर्ने गरी व्यवस्था गरेको र नियम १२३ को उपनियम (३क) ले यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य कुनै प्रक्रियाद्वारा पहिलेको सेवा अवधि जोडाउन र सेवा अवधि थप गरी सुविधा लिन पाइने छैन भनी उल्लेख गरेबाट त्यसभन्दा बाहेकको अन्य प्रक्रियालाई स्थान दिन नसकिने भन्ने सिद्धान्त प्रतिपादन भएको देखिँदा पूर्ण इजलासको उक्त नजीरबमोजिम निजामती सेवा नियमावली, २०५० को सो व्यवस्था प्रारम्भ भएपछि एकवर्षभित्र रिट निवेदकले पहिलेको सेवा अवधि जोडाएको नदेखिँदा अब आएर उक्त सेवा अवधि जोडाउन मिल्ने नदेखिँदा निवेदकले माग गरेबमोजिमको आदेश जारी हुने अवस्था नभएकाले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६६-WO-०९३८, उत्प्रेषणयुक्त परमादेश, *प्रतिमाकुमारी पटेल समेत वि. जिल्ला शिक्षा कार्यालय, रौतहट, गौर समेत*

विपक्षी शम्भुराय यादवले जिल्ला शिक्षा कार्यालय, रौतहट समेतलाई विपक्षी बनाई पुनरावेदन अदालत, हेटौंडामा दिएको परमादेशको मुद्दामा एक महिनाभित्र जे, जो निर्णय गर्नु भनी जिल्ला शिक्षा कार्यालय, रौतहट समेतका नाउँमा परमादेशको आदेश जारी हुने ठहरी मिति २०६६।११।५ का फैसला गरे तापनि सोअनुसारको कामकारवाही जिल्ला शिक्षा कार्यालय, रौतहटबाट भएको छैन र अब हुने अवस्था पनि छैन । यसका साथै जिल्ला शिक्षा कार्यालय, रौतहटका निमित्त जिल्ला शिक्षा अधिकारीबाट काज सरूवा गरिएका विपक्षी शम्भुराय यादवले श्री चतुरवीर सामुदायिक प्राथमिक विद्यालय, देवाही-८ रौतहटमा पहिला ठाडो हाजीरी गरे

तापनि निज शम्भुराय यादवले मिति २०६८।८।२ देखि ठाडो हाजीरी पनि नगरी विद्यालयमा नआएको भन्ने समेत विद्यालय व्यवस्थापन समितिबाट प्राप्त मिसिल संलग्न कागजातबाट देखिनुका साथै एकातिर पुनरावेदन अदालतको उक्त निर्णय कार्यान्वयनमा आएको छैन भने अर्कोतिर यी निवेदिका प्रतिमा पटेल पूर्ववत् उक्त विद्यालयको प्रधानाध्यापिका भई कामकाज गर्दै आएको देखिन्छ । व्यवहारमा पुनरावेदन अदालतको उक्त मिति २०६६।११।५ को फैसला निष्क्रिय भइसकेको हुँदा प्रस्तुत रिट निवेदनको प्रयोजन नै बाँकी नरहेको हुँदा निवेदन मागबमोजिम पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६६।११।५ को फैसला बदर गर्ने गरी उत्प्रेषणको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-WO-११०६, उत्प्रेषणयुक्त परमादेश, *एस.आर. ड्रग्स ल्याबोरेटरिज प्रा.लि. का तर्फबाट कार्यकारी निर्देशक सञ्जयकुमार गुप्ता वि. इन्द्रलाल पराजुली समेत*

निवेदक एस. आर. ड्रग ल्याबोरेटरिज प्रा.लि. र विपक्षी इन्द्रलाल पराजुलीबीच मिति २०६४।१०।१ मा भएको करारनामाबमोजिम कम्पनीको केन्द्रीय कार्यालयमा दैनिक रू. १४०।- को दरले १०० दिनको लागि ज्यालादारी (करार) मा राखिएको कामदार कर्मचारी रहेको देखिन्छ । करार ऐन, २०५६ बमोजिम दुई पक्षबीच भएको करारको शर्त पालना गर्न दुबै पक्ष बाध्य हुन्छन् । करारनामामा उल्लिखित शर्तबमोजिम प्रतिष्ठानमा इमानदारीपूर्वक काम नगरेको र इन्द्रलाल पराजुली निवेदक कम्पनीको स्थायी कर्मचारी समेत नभएको स्थितिमा विपक्षी इन्द्रलाल पराजुलीको दावी नपुग्ने गरी श्रम कार्यालयबाट निर्णय भएको पाइन्छ । श्रम कार्यालयबाट भएको निर्णय उल्टी गरी इन्द्रलाल पराजुलीलाई स्थायी नियुक्ति दिई सेवाबाट हटाएको मिति २०६४।१०।२८ देखि पुनर्बहाली नभएसम्मको अवधिको साविकको तलव भत्ता समेत निवेदक प्रतिष्ठानले भुक्तानी दिने गरी श्रम अदालत, काठमाडौंबाट मिति २०६६।१२।१६ मा भएको फैसला कानून र न्यायको रोहमा समेत मिलेको नदेखिँदा सो फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-WO-०२८३, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मी पुन ओली वि.नेपाल टेलिभिजन संस्थान समेत*

निवेदिकाले जुन पदको लागि तोकिएको परीक्षाको लागि छुटेको अन्तर्वार्ता लिई पाऊँ भनी निवेदन दिएकी छिन् सो पदमा विपक्षी शिक्षा भट्टराई उत्तीर्ण भई नियुक्तिपत्र पाइसकेको भन्ने देखिन आउँछ । मुख्य उम्मेदवार शिक्षा भट्टराई बाहेक पनि वैकल्पिक उम्मेदवारको रूपमा सुरेन्द्र पौडेलको नाम प्रकाशित भएको भन्ने पनि देखिएको छ । यी निवेदकले सो नियुक्ति बदर गरिपाऊँ भनी निवेदन माग दावी गरेको पनि देखिँदैन । यस प्रकार जुन विज्ञापनमा एक मात्र पद पूर्तिको लागि माग गरिएको हो सो पद नै पूर्ति भैसकेको अवस्थामा यी निवेदकलाई अन्तर्वार्तामा सम्मिलित गराउनुको औचित्य पनि बाँकी रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल मंसिर ३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-WO-०२१५, उत्प्रेषणयुक्त परमादेश समेत, *शिक्षा भट्टराई वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*

नेपाल टेलिभिजन संस्थानले आफ्नो संस्थानमा रिक्त रहेको कर्मचारीको दरबन्दी पूर्ति गर्नको लागि रीतपूर्वक विज्ञापन गरी भएको प्रतियोगितात्मक परीक्षामा यी निवेदक शिक्षा भट्टराई उत्तीर्ण भएकोमा विवाद छैन । निजको योग्यता नपुगेको भन्ने जिकीर पनि रहेको छैन । संस्थानद्वारा सञ्चालित परीक्षामा

अनियमितता भएको पुष्टि भएको छैन । समकक्षताको प्रमाणपत्र समेत पेश गर्न नसकेकी र अन्तर्वार्तामा नै उपस्थित नभएकी विपक्षी लक्ष्मी पुनले विपक्षी अख्तियार दुरूपायोग अनुसन्धान आयोगमा दिएको उजूरीको आधारमा विपक्षी आयोगबाट मिति २०६८।२।२२ मा सूचना तथा सञ्चार मन्त्रालयबाट छानबीन प्रतिवेदन प्राप्त नहुन्जेलसम्म अन्तर्वार्ताको रिजल्ट प्रकाशित गरेको भए पनि नियुक्ति नदिन भनी नेपाल टेलिभिजनलाई पत्राचार गरेको देखिन आउँछ । धाँधली गरी तत्कालीन महाप्रवन्धककी भतिजीलाई लिखित तथा अन्तर्वार्तामा उत्तीर्ण गराएको भन्ने उजूर परेको भनी मिति २०६८।२।१६ मा अन्तर्वार्ता लिई नतीजा प्रकाशन गरेको नेपाल टेलिभिजन पदपूर्ति समितिको कार्य स्वस्थ्य र स्वच्छ नभएको तथा लक्ष्मी पुनको अन्तर्वार्तामा सामेल हुने हक अधिकार समेत कुण्ठित भएको भन्ने समेत मिति २०६८।४।१६ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय भएको देखिन्छ । उल्लिखित निर्णय र पत्रमा कुन आधार र कारणबाट सो परीक्षामा अनियमितता भएको हो र नियुक्ति रोक्नु परेको हो भन्ने विश्वासिलो र वस्तुनिष्ठ कारण उल्लेख गर्न सकेको पाइँदैन । अनियमितता भएको भन्ने कुनै ठोस सबूद, प्रमाणबाट पुष्टि हुन नसकेको र सामान्य दरखास्तवाला पनि हुन नसक्ने व्यक्तिको उजूरीका आधारमा वैध रूपमा सम्पन्न भएको परीक्षामा सफल उम्मेदवारको नियुक्ति पाउने अधिकारलाई प्रतिकूल असर पर्ने गरी कुनै पनि सरकारी, गैरसरकारी निकायले निर्णय गर्न मिल्दैन । गैरकानूनी हो भन्ने युक्तियुक्त आधार र कारणबेगर कसैको उजूर परेको भन्ने आधारमा मात्र रीतपूर्वक सम्पन्न भएको कामकारवाहीलाई अनुचित रूपमा रोक्दा सरोकारवाला निकायको कामकारवाहीमा पर्न जाने असरलाई समेत विचार नगरी काम गर्न मिल्दैन । दूषित कामकारवाहीलाई रोक्ने नाउँमा अर्को दूषित निर्णय हुन जाने सम्भावनालाई विचार गरिनु पर्दछ । यसर्थ केवल उजूरी परेको भन्ने आधारमा मात्र ठोस प्रमाणबाट अनियमितता भएको भनी पुष्टि नभै नेपाल टेलिभिजन पदपूर्ति समितिबाट प्रकाशित नतीजा समेतका आधारमा यी निवेदिका शिक्षा भट्टराईलाई नियुक्ति नदिनु भनी भएको मिति २०६८।२।२२ र २०६८।४।१६ समेतका विपक्षी अख्तियार दुरूपयोग अनसन्धान आयोगको निर्णय तथा पत्रहरू औचित्यपूर्ण नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल मंसिर ३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०७०८, ०७५३, कर्तव्य ज्यान, *रघु लामा तामाङ समेत वि. नेपाल सरकार, विक्रम राई समेत वि. नेपाल सरकार*

मृतक मियोङ गुरुङ र प्रतिवादीहरू बीच विगत एक वर्षदेखि फुटबल र केटीको विषयलाई लिएर रिसइवी रहेको देखिन्छ । मिति २०६४।५।७ गते बेलुका मृतक मियोङ गुरुङ पक्ष र यी प्रतिवादीहरू पक्ष गरी दुई समूहमा कैलाश मगरले सीधा हेऱ्यो भन्ने सम्बन्धमा विवाद भई प्रतिवादीमध्येका बिक्रम राईले मियोङ गुरुङको छातीमा छुरा प्रहार गरी सोही घाउ चोटको कारणबाट निजको मृत्यु भएको हुँदा प्रतिवादी विक्रम राईलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने देखियो । अन्य प्रतिवादीहरू रघु लामा (तामाङ) रमेश लामा, विजय थिङ लामा समेतले मृतकलाई समाउने लात्ती मुक्काले हिर्काउने प्रहार गर्ने, हतियार उपलब्ध गराउने, घेरा हाली छेकी भाग्न उम्कन नदिई मार्न संयोग पारी दिने, कार्य गरेको देखिन आई निजहरूलाई सोही महलको १३(४) नं. अनुसार जन्मकैद हुने ।

वारदात हुँदाको अवस्था एवं प्रकृतितर्फ हेर्दा दुई समूह बीचको हानाहानमा मृतकको मृत्यु भएको र प्रतिवादीहरू १७-१९ वर्षको कलिलो उमेरका देखिन आयो । निजहरूको उमेर अवस्था समेतलाई विचार गर्दा माथि भएको सजाय चर्को पर्न जाने देखिएको हुँदा अदालती बन्दोवस्तको महलको १८८ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही १० वर्ष कैदको सजाय गर्न उपयुक्त हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असोज १० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको साधक नं. ०६५-RC-०००६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टसी भन्ने टगी बुढा*

मृतकको श्रीमतीले राति १२:०० बजेको समयमा पिसाब फेर्न बाहिर गएको बेलामा बन्दुक पड्केको आवाज सुनेर आँगनमा गै हेर्दा लोग्ने लडेको देखेँ भनी अधिकारप्राप्त अधिकारी र अदालतमा समेत आई लेखाई दिएबाट मृतक र प्रतिवादीबीच बन्दुक तानातान गर्दा पड्केको भन्ने प्रतिवादीको भनाई तथ्यहीन देखिन आयो । मृतकलाई हानेको गोली छाती, पेट वा पेटको तल्लो भागमा नलागी माथि बायाँ कुममा अगाडि तर्फबाट लागेको देखिँदा तानातान गर्दा मृतकले बन्दुकको नालतर्फ समाएको भन्ने प्रतिवादीको भनाईअनुसार सो बन्दुकको गोली प्रतिवादीको शरीरको तल्लो भागमा लाग्नुपर्ने थियो तर सो नभई बायाँ कुममा अगाडि तर्फबाट लागेको देखिन्छ । यसरी हेर्दा बन्दुक तानातान गर्दा बन्दुक पड्किन गै मृतकको मृत्यु भएको भन्ने कुरा देखिन आएन । यसको अलावा मृतक राति १२:०० बजेको समयमा पिसाब फेर्न बाहिर निस्केको र प्रतिवादीको अगाडितर्फ बढिरहेको अवस्थामा गोली लागेको अवस्था देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीको हातमा रहेको बन्दुकको गोली लागी मृतकको मृत्यु हुन गएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादीको उमेर वृद्ध अवस्थातर्फ गैरहेको देखिएको, यी प्रतिवादी र मृतक आफन्त नाताका भै एकआपसमा झैझगडा भैरहेको समयमै तत्काल रिसको आवेगमा आई बन्दुक चलाउन पुगेको स्थिति देखिएको तथा यी प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी एवं कुनै अन्य कारण नदेखिएको र अपराध हुँदाको अवस्था समेतलाई विचार गर्दा कसूरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने देखी अ.बं. १८८ नं. अनुसार १५ वर्ष मात्र सजाय हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको स.फौ.नं. ०६६-RC-००८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.भैरबबहादुर राई समेत*

प्रतिवादी र मृतकबीच विवाद हुँदा आफूले मृतकलाई कर्द प्रहार गरेको कुरामा अधिकारप्राप्त अधिकारीसमक्ष सावित रहेका छन् । कर्द राख्ने काठको दाप समेत बरामद भएको अवस्था देखिन्छ । यी मृतकले गाउँकी एक महिलालाई हातपात गरे भन्ने सम्बन्धमा गाउँमा छलफल गर्न जाने क्रममा मृतक र प्रतिवादी भैरवबहादुर राई, कृष्णबहादुर राई, गोपाल राई र प्रकाश राई समेतका व्यक्तिहरूसँग झैझगडा र भनाभन भएको भन्ने कुरामा विवाद देखिँदैन । यी मृतक र यी प्रतिवादीबीच भेट भै सोही भेट हुँदाकै अवस्थामा झैझगडा भै पक्रापक्री भएको र मृतकको कम्मरमा खुकुरी रहेको देखी कृष्णबहादुरले सो खुकुरी खोसेर फालिदिए तापनि दुबै जना लड्दै ३(तीन) गरामुनि पुगेको र मृतक जयबहादुर भाग्दै गर्दाको अवस्थामा यी प्रतिवादी भैरवबहादुर राई बाटो क्रस गरी अझ बढी रिसको आवेशमा आई मृतकलाई पक्री आफ्नो कम्मरमा भिरेको चुप्पी (कर्द) निकाली मृतकको छातीमा हानेकोले मृतक छटपटाउँदै गरेको देखेको र तत्पश्चात् लगत्तै यी प्रतिवादीको हातमा रगत लागेको चुप्पी देखी फाली दिएको भनी प्रत्यक्षदर्शी कृष्णबहादुर राईले भनेको देखिँदा प्रतिवादी भैरवबहादुर राईले मृतक जैकुमार भन्ने जयबहादुर राईलाई धारिलो हतियार कर्द प्रहार गरी मारेको भन्ने पुष्टि भएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादीको उमेर तथा यी प्रतिवादी र मृतकबीच बाटोबाटोमै झैझगडा भै सोही समयमै तत्काल रिस आवेगमा आई आफूसँग भएको कर्द प्रहार गर्दा मृतकको मृत्यु भएको, घटनाको अवस्था हेर्दा यी प्रतिवादीले रक्सीको मातमा ज्यान मार्न पुगेको देखिएको, मृतकसँग यी प्रतिवादीको हितैषी मित्रता रहेको देखिएको तथा मृतकलाई यी प्रतिवादीले मार्नुपर्नेसम्मको पूर्व रिसइवी एवं कुनै अन्य कारण नदेखिएको र अपराध गर्दाको परिस्थिति तथा अवस्था समेतलाई विचार गर्दा शुरू अदालतबाट कसूरदारलाई

ऐनबमोजिमको सजाय दिँदा चर्को हुने देखी १२ वर्ष मात्र कैदको सजाय हुनुपर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरिएको राय समेत सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०४४७, उत्प्रेषणयुक्त परमादेश, *नन्दु सिंह ऐरी वि. गृह मन्त्रालय, समन्वय तथा सहजीकरण शाखा समेत*

ट्रक क्षति हुँदाका अवस्थामा निवेदकले दावी गरेको ना.२ख, ५७१३ नं. को ट्रकको धनी यी निवेदक नरही तत्काल अर्कै व्यक्ति दौलत विक्रम भएका र सो घटना भएको करीव साँढे दुई वर्षपश्चात् मिति २०६६।११।१६ मा मात्र यी निवेदक नन्दु सिंह ऐरीले निज धनीबाट नामसारी गरी आफ्नो नाममा कायम गराएको देखिन्छ । निवेदकका नाममा नामसारी भै आउनुभन्दा पूर्वका ट्रकधनी दौलत विक्रम विष्ट रहेका र निज दौलतविक्रम विष्टले ट्रकको क्षति हुँदाका अवस्थामा ट्रकधनी रहेका व्यक्तिले क्षतिबापतको रकम बुझी लिइसकेको र त्यसबखत आफ्नो नाममा नामसारी नै नभई हकदैया नै नभएका यी निवेदकले ट्रकको क्षति पाउन सक्ने अवस्था नै नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल कात्तिक २७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको साधक नं. ०६८-RC-००५२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तीर्थमान राई समेत*

प्रतिवादीहरू तीर्थमान राई र लीलानाथ दाहालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा एकले अर्कोलाई पोल गरेको देखिन्छ । अदालतमा आई बयान गर्दा लीलानाथले मृतकलाई घरमा पुऱ्याउन आएको भन्ने तीर्थमानको भनाई रहेको र मृतकको मृत्युसम्बन्धमा तीर्थमानलाई नै थाहा होला भनी लेखाई दिएको पाइन्छ । पुष्पलालले मौकामा बयान गर्दा मृतकको मृत्यु सम्बन्धमा तीर्थमान र लीलानाथले नै जान्दछन् भनी लेखाई दिएबाट समेत मृतकककको मृत्यु यी प्रतिवादीहरू लीलानाथ दाहाल र तीर्थमान राईकै कर्तव्यबाट हुन गएको देखिन आयो । सो कुरा मौकामा कागज गर्नेहरूको भनाई तथा अदालतमा आई बकपत्र गर्ने व्यक्तिहरूले समेत मृतकको मृत्यु प्रतिवादीहरूकै कर्तव्यबाट भएको हो भनी लेखाई दिएको, मृतकको शरीरभरि अंगमा घा चोट देखिएको, लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन समेतले पुष्टि गरेको देखिँदा प्रतिवादीमध्येका लीलानाथ दाहाल र तीर्थमान राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

मृतकलाई यी प्रतिवादीहरूले मार्नुपर्नेसम्मको कुनै पूर्व रिसइवी एवं कुनै अन्य कारण नदेखिएको, काठ चिरानसम्बन्धी काम गर्न जाँदा सँगसँगै एकै स्थानमा गएको देखिँदा मृतक र प्रतिवादीहरू बीच हितैषी सम्बन्ध रहेको देखिएको र अपराध गर्दाको परिस्थिति तथा अवस्था समेतलाई विचार गर्दा कसूरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने देखी ७(सात) वर्ष मात्र कैदको सजाय हुनुपर्ने गरी अ.बं. १८८ नं बमोजिम व्यक्त गरिएको राय समेत सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ २९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको दे.पु.नं. ०६८-CI-९८१, अंश नामसारी, *वीरबल अहिर वि. सन्तराम यादव*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को खण्ड (ग) मा भएको व्यवस्थाले पुनरावेदन सुन्ने अदालतलाई मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्ने, मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्नको लागि मिसिल तल्लो अदालत निकाय वा अधिकारीकहाँ पठाउन सक्ने र ऐजन दफा १४ को खण्ड (घ) मा तल्लो अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरूको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल तल्लो

अदालत, निकाय वा अधिकारीकहाँ पठाउन सक्ने अधिकारक्षेत्र प्रदान गरेको पाइन्छ । यसरी यो अधिकारक्षेत्रको प्रयोग गर्दा पुनरावेदन सुन्ने अड्डाले मुद्दा कति गम्भीर प्रकृतिको छ, प्रमाण बुझ्ने र मूल्याङ्कन गर्ने सुविधा के छ, मुद्दाको कारवाहीको सिलसिलामा मुद्दाका पक्षहरूको सहज पहुँच छ कि छैन, नाप नक्सा गर्नुपर्ने प्रकृतिको मुद्दा हो, होइन आदि कुराहरू समेतको विचार गरी पुनः निर्णय गर्नु भनी शुरूमा पठाउने गरी भएको पुनरावेदन अदालत, बुटवलको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था नरहेकोले पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६८ सालको दे.पु.नं. ०६८-CI-०९८२, अंश नामसारी, *वीरबल अहिर वि. सन्तराम यादव*
- २०६८ सालको दे.पु.नं. ०६८-CI-०९८३, हालैको बकसपत्र लिखत बदर, *वीरबल अहिर वि. सन्तराम यादव*
- २०६८ सालको दे.पु.नं. ०६८-CR-०९२७, जालसाजी, *वीरबल अहिर वि. सन्तराम यादव*
- २०६८ सालको दे.पु.नं. ०६८-CR-०९२८, जालसाजी, *वीरबल अहिर वि.सन्तराम यादव*

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०५०४, उत्प्रेषण परमादेश, *पहलसिँह बराइली वि. पुनरावेदन अदालत, बुटवल समेत*

चन्द्रिकाप्रसादले निवेदक पहलमानसिँह बराइलीसँग लिएको ऋणको दायित्व भिन्न पाँच जनालाई शेषपछिको बकसपत्र दिने दाता सुरत पडाईनको मृत्युभन्दा अगावै मृत्यु हुने दुई जनाको सुरत पडाइनमा नै फर्केको सम्पत्तिमध्ये पाँच भागको दुई भागमध्ये सुरतका तीन छोरा भई सो सम्पत्तिमा तीन भागको एक भाग अन्तरभूत साम्पत्तिक हक रहेका गीताकुमारी पाण्डे समेतको हिस्सा कायम गरी सोबाट यी विपक्षी गीताकुमारी पाण्डे समेतले व्यहोर्नु पर्ने देखिन आएकोले रूपन्देही जिल्ला अदालतका तहसीलदारबाट मिति २०६६।४।२२ मा भएको आदेश तथा सो आदेशलाई समर्थन गर्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।७।२७ मा र पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।१२।५ मा भएका आदेश समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले बिगो भराईपाऊँ भनी रूपन्देही जिल्ला अदालतमा मिति २०६५।११।२१ मा दिएको दरखास्तमा उल्लिखित जेथामध्ये चन्द्रिकाप्रसाद पाण्डे र प्रिन्सकुमार पाण्डेको सुरत पडाइनमा फर्केको हिस्सा जग्गामध्ये स्व. चन्द्रिकाप्रसादकी पत्नी, छोरा, बुहारी समेतका नाताबाट विपक्षी गीताकुमारी पाण्डे समेतलाई प्राप्त तीन भागको एक भाग जग्गासम्मबाट निवेदकको बिगो भरीभराउसम्बन्धी कारवाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल असोज ११ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-००२७, ००२८, ००३८, ०१९३, कानूनविपरीतको निर्णय कामकारवाही समेत बदर गरिपाऊँ, *लक्ष्मीदास मानन्धर समेत वि. एम.के.एस. ट्रेड प्रा.लि., साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड समेत वि. एम.के.एस. ट्रेड प्रा.लि.समेत, राजेन्द्रमान शेरचन वि. एम.के.एस. ट्रेड प्रा.लि., प्रदीपकुमार शाह वि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड केन्द्रीय कार्यालय समेत*

कम्पनी ऐन, २०६३ को दफा ९८(२) मा भएको व्यवस्थाअनुसार सञ्चालकहरूले बैठक बोलाउन माग गर्दा बैठकमा छलफल गर्नुपर्ने विषय खोली लिखित रूपमा माग गर्नुपर्ने भनिएको विषयमा नै सीमित रहनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा अध्यक्षद्वारा २०६४।४।११ को बैठकको लागि सञ्चालकहरूलाई पठाइएका सूचनामा मिति २०६४।३।२६ को पत्रमा उल्लिखित विषयमा छलफल हुने भनी स्पष्ट रूपमा उल्लेख भएको देखिन्छ । सो पत्रमा का.मु. नायव महाप्रवन्धक मनोज आचार्यको विषयका साथै "कर्पोरेशनको हित" समेत उल्लेख भएको देखिन्छ । मिति २०६४।४।११ मा गरिएका अठार वटा

निर्णय हेर्दा ती निर्णयहरू कर्पोरेशनसँग सम्बन्धित देखिनुका साथै कर्पोरेशनलाई अहित पुऱ्याउने प्रकारका छन् भनी वादी पक्षले भरपर्दो आधार र कारण देखाउन सकेको पाइँदैन । यस्तो अवस्थामा सो बैठकबाट भएका निर्णय एजेण्डा बाहिर गई भएका निर्णय भन्न मिल्ने देखिएन । पुनरावेदन अदालत पाटनबाट फैसला हुँदा सो मिति २०६४।४।११ मा भएका निर्णय एजेण्डा भन्दा बाहिर गई निर्णय भएको हुँदा सो मितिमा भएका निर्णय बदर गरेको देखियो । तर सो बैठक सञ्चालकहरूको मिति २०६४।३।२६ को पत्र मागबमोजिम बोलाइएको र सञ्चालकहरूले माग गरेको पत्रमा "र कर्पोरेशनको हित" समेत उल्लेख भएकोले सो मितिमा भएको निर्णय बदर गरेको हदसम्मको सो अदालतबाट भएको फैसला नमिलेकोले उल्टी हुने ।

एम.के.एस. ट्रेडले सञ्चालकहरूमध्ये लक्ष्मीदास मानन्धर र राजेन्द्रमान शेरचन, कीर्तिकुमार जोशी र कल्याणगोविन्द श्रेष्ठका हकमा निजहरू आफू सञ्चालक रहेका कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक विवरण नबुझाएको हुँदा निजहरू साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको सञ्चालकमा नियुक्ति हुन र बहाल रहन नसक्ने भन्ने दावी लिएको पाइयो । तर, कम्पनी ऐन, २०६३ को दफा ८९(१)(ट) को यो व्यवस्था कम्पनी अध्यादेश, २०६२ मा अर्थात् २०६२।६।२३ बाट लागू रहेको र सोही व्यवस्थालाई कम्पनी ऐन, २०६३ मा कायम राखिएको देखिन्छ । यी सञ्चालकहरू २०६३।१२।१८ को साधारणसभाबाट सञ्चालक पदमा नियुक्त हुन पुगेको देखिएको छ भने दफा ८९(१)(ट) को यो व्यवस्था कम्पनी अध्यादेश, २०६२ मा अर्थात् २०६२।६।२३ बाट लागू रहेको र सोही व्यवस्थालाई कम्पनी ऐन, २०६३ मा कायम राखिएको देखिन्छ । यी सञ्चालकहरू २०६३।१२।१८ को साधारणसभाबाट सञ्चालक पदमा नियुक्त हुन पुगेको देखिएको छ भने दफा ८९(१)(ट) को व्यवस्था स्पष्ट रूपमा पश्चात्दर्शी प्रयोग हुने किसिमको पनि देखिँदैन । एम.के. एस. ट्रेडले जुन समयमा उनीहरूको योग्यताबारे चुनौती दियो सो समयमा लगातार तीन वर्ष आर्थिक विवरण नबुझाएको भन्ने स्थिति नदेखिँदा दफा ८९(१)(ट) को व्यवस्थाको कारण निजहरू साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको सञ्चालक हुन अयोग्य भए भनी मान्न मिल्ने स्थिति देखिएन । तसर्थ, यो विवादित प्रश्नमा पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

इति संवत् २०६८ साल जेठ १६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रि.नं.०६८-WO-०३३७, उत्प्रेषणयुक्त परमादेश समेत, *भैरवबहादुर सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यस्तै विषयवस्तु समावेश भएको निवेदक चन्द्रबहादुर शाही विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् समेत विपक्षी भएको रिट नं. ०६८-WO-०३६६ को रिट निवेदनमा मिति २०६९।२।१४ मा यस अदालतको संयुक्त इजलासबाट रिट नं. ०६८-WO-०५९९ को रिट निवेदनमा भएको उल्लिखित आदेश समेतको आधारमा निवेदक चन्द्रबहादुर शाहीलाई पदमुक्त गर्ने गरी मिति २०६८।६।३० मा भएको नेपाल सरकारको निर्णय समेत उत्प्रेषणको आदेश बदर भएको देखिन आयो । उल्लिखित आदेश हुनुभन्दा पहिले पनि निवेदक कुलबहादुर लिम्बू विपक्षी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भएको रिट नं. ०६६-WO-०१२७, (*नेकाप* २०६७, असोज, निर्णय नं. ८३९२, पृ. ९८७) भएको रिट निवेदनमा मन्त्रिपरिषद् वा मन्त्री कार्यकारी अधिकार सम्पन्न र नीतिगत निर्णय गर्न सक्षम भए पनि मन्त्रिपरिषद् वा मन्त्रीले गर्ने निर्णय कानूनअनुकूल, तर्कसंगत, जायज, मनासिव र कारणले समर्थित हुनु पर्दछ । यदि मन्त्रिपरिषद् वा मन्त्रीको कुनै निर्णयलाई समर्थन गर्ने कानूनी आधार नै छैन भने त्यस्तो निर्णय यस अदालतसमक्ष संवैधानिक परीक्षण हुँदा अड्न नसक्ने भनी सिद्धान्त प्रतिपादन भएको देखिने ।

रिट निवेदक भैरवबहादुर सिंहलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।०२।१८ को निर्णयले द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडको महाप्रवन्धकको पदमा बढीमा दुई वर्षको लागि भनी नियुक्ति गरेकोमा २ (दुई) वर्ष नपुग्दै नेपाल सरकारको मिति २०६८।०६।३० को निर्णयले निजलाई

महाप्रवन्धकको पदबाट पदमुक्त गरेको देखिन्छ । बढीमा दुई वर्षको लागि भनी पदावधि अङ्कित गरिएकोमा सो तोकिएको पदावधि अगावै निवेदकलाई महाप्रवन्धक पदबाट पदमुक्त गर्नुपर्ने कुनै आरोप तथा प्रतिवादको मौका दिएको भन्ने नदेखिएको साथै प्रत्यर्थीको तर्फबाट पेश भएको लिखित जवाफ र वहसमा समेत निवेदकलाई महाप्रवन्धकको पदबाट अवकाश दिनुपर्नाको बारेमा कुनै आरोप लगाएको र प्रतिवादको मौका दिएको जिकीर लिएको देखिएन । यस्तो अवस्थामा तोकिएको अवधिभन्दा अगावै बिनाआरोप तथा प्रतिवादको मौका समेत नदिई महाप्रवन्धकको पदबाट पदमुक्त गर्ने गरेको नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।०६।३० को निर्णय माथि उल्लिखित वृहद् पूर्ण इजलासको मार्गनिर्देशक आदेश समेतका आधार र कारणबाट स्वेच्छाचारी र प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल मान्नुपर्ने ।

रिट निवेदकको मागबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।०६।३० को निर्णय र सो निर्णयअनुसार महाप्रवन्धकको पदबाट यी रिट निवेदकलाई पदमुक्त गर्ने गरेको वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०६८।०७।०२ को पत्र समेत उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ। यसरी निज रिट निवेदकलाई महाप्रवन्धकको पदबाट पदमुक्त गर्ने गरी भएको नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।०६।३० को निर्णय र वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०६८।०७।०२ को पत्र उत्प्रेषणको आदेशले बदर भएको हुँदा निवेदकलाई अब पूर्ववत् रूपमा द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडको महाप्रवन्धकको पदमा कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर रानु पौडेल

इति संवत् २०६९ साल असोज २१ गते रोज १ शुभम् ।

- यसै लगाउको रिट नं. ०६८-WO-०३०६, उत्प्रेषणयुक्त परमादेश समेत, *भैरवबहादुर सिंह वि. माननीय मन्त्री मो. वकील मुसलमान, वन तथा भू-संरक्षण मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-WO-१०११, उत्प्रेषण समेत, *परमेश्वर महासेठ वि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड केन्द्रीय कार्यालय, कालिमाटी, काठमाडौं समेत*

निवेदकले मिति २०६४।५।१७ मा विरामी बिदा पेश गरेको देखिन्छ । तर निजको बिरामी बिदा स्वीकृत भएको देखिँदैन । आफ्नो बिदा स्वीकृत नभएको अवस्थामा बिदा स्वीकृत गराउने वा सो नभएमा कार्यालयमा हाजीर हुने दायित्व निवेदकको रहे भएकोमा निवेदक सोतर्फ उदासीन रहको देखियो । बिदा अधिकार नभएर सुविधा मात्र भएको र कामकाजको अनुकूल हेरी अख्तियारवालाले आफ्नो अनुकूल हेरी बिदा दिन वा नदिन सक्नेछ भनी उक्त कर्पोरेशनको विनियम ५.३ मा स्पष्ट व्यवस्था हुनुका साथै निजको बिदा सञ्चालक समितिले अस्वीकृत गरेको मिसिल संलग्न निर्णयबाट देखिँदा निज गैरहाजीर भएको मिति २०६४।४।११ देखि लागू हुने गरी मिति २०६४।९।८ को निर्णयानुसार गयल खारेज गरी हटाएको देखिन्छ । गयल खारेजी विभागीय कारवाही नभएको हुँदा गयल भएको अवधिदेखि नै लागू हुने गरी गयल खारेज हुने गरी भएको निर्णयलाई भूतलक्षी निर्णय भन्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः सविना अधिकारी

इति संवत् २०६९ साल जेठ १६ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६४-WO-०००५, उत्प्रेषण समेत, *परमेश्वर महासेठ वि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड केन्द्रीय कार्यालय, कालिमाटी, काठमाडौं समेत*
- ०६४-WO-००४४, उत्प्रेषण समेत, *परमेश्वर महासेठ वि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड केन्द्रीय कार्यालय, कालिमाटी, काठमाडौं समेत*
- ०६४-WO-०४६६, उत्प्रेषण समेत, *परमेश्वर महासेठ वि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड केन्द्रीय कार्यालय, कालिमाटी, काठमाडौं समेत*

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०९४७, करारबमोजिमको रकम दिलाई पाऊँ, *दीपकनाथ चालिसे वि. जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं. २ स्थित सन्तोषी निर्माण सेवा प्रा.लि.*

वादी र प्रतिवादीका बीचमा भएको सम्झौतापत्रमा काबु बाहिरको परिस्थितिअन्तर्गत एकतर्फी सम्बन्धमा कुनै व्यवस्था भएको देखिन्न। प्रतिवादीले नेपाल सरकारको निर्णयअनुसार केही दिन केही गाडीहरू एकतर्फी गरी त्रिभुवन राजपथबाट पठाएको जिकीर गरे तापनि काठमाडौंबाट पश्चिमतर्फ जाने सम्पूर्ण गाडीहरू पृथ्वी राजमार्ग हुँदै जाने र महेन्द्र राजमार्गमा गुड्ने पूर्व पश्चिमका सबै गाडीहरू हेटौंडा नारायणगढ हुँदै आवागमन हुने तथ्यमा विवाद छैन। यसरी सम्झौताको दफा ९.१ मा उल्लिखित काबु बाहिरको परिस्थिति एकतर्फी यातायात सञ्चालनलाई मान्न नमिल्ने र केही दिन केही गाडीहरू त्रिभुवन राजपथबाट सञ्चालन भए पनि ठेकेदारले सडक दस्तूर सङ्कलन गरेको हुँदा एकतर्फी यातायात सञ्चालन भएको भनी सोतर्फ रकम छूट हुनसक्ने कानूनी आधार देखिएन। त्यस्तै रात्रिकालीन कर्फ्युका कारण बेलुका ७ बजेबाट बिहान ५ बजेसम्म दस्तूर उठाउने सडक क्षेत्रमा कर्फ्यू लागे तापनि कर्फ्यू समयपश्चात् गाडीहरू आवागमन समेत हुने नै हँदा सडक दस्तूर उठाउन कुनै व्यवधान नपरी दस्तूर उठ्ने नै हुँदा कर्फ्यूतर्फ भनी रकम छूट पाउन सक्ने अवस्था नदेखिने।

नौबिसे मुग्लिङ सडक क्षेत्रमा बन्द, हड्ताल, प्राकृतिक प्रकोप समेतका कारण सवारी साधन नचलेको तर्फ जम्मा ४९ दिनको रू. ३३,२८,१९६।१३ छूट पाउने र हेटौंडा नारायणगढ सडक खण्डको हकमा दिन २७ को दैनिक रू. ५२,५३४।२५ का दरले रू. १४,१८,४२५।७५ सम्म छूट पाउन सक्ने र सो बाहेक एकतर्फी एवं रात्रिकालीन कर्फ्यूतर्फ रकम छूट पाउन नसक्ने देखिँदा नौबिसे मुग्लिङ सडक खण्डको हकमा जम्मा रू. ६५,०१,९०५।०३ र हेटौंडा नारायणगढ सडक खण्डको हकमा रू. ३९,२७,२२४।१३ रकम छूट पाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भई नौबिसे मुग्लिङ सडक खण्डको हकमा जम्मा रू. ३३,२८,१९६।१३ र हेटौंडा नारायणगढ सडक खण्डको हकमा जम्मा रू. १४,१८,४२५।७५ गरी जम्मा रू. ४७,४६,६२१।८८ मात्र छूट पाउने हुँदा पुनरावेदन अदालतले ठहर गरेको जम्मा छूट रकम रू. १,०४,२९,१२९।१६ बाट हाल कायम भएको छूट रकम रू. ४७,४६,६३१।८८ कट्टा गरी बाँकी हुने रकम मूल्य अभिवृद्धि कर समेत जम्मा रू. ५६,८२,५०७।२८ वादी सडक बोर्ड नेपालले प्रतिवादी सन्तोषी निर्माण सेवाबाट भरिपाउने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल जेठ २३ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको दे.पु.नं. ०६६-CI-०४४२, कराबमोजिम रकम भराई पाऊँ, *दीपकनाथ चालिसे वि.. जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं. २ स्थित सन्तोषी निर्माण सेवा प्रा.लि.*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०४४१, रकम यकीन गरी फिर्ता दिलाई पाऊँ, *दीपकनाथ चालिसे वि.. जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं. २ स्थित सन्तोषी निर्माण सेवा प्रा.लि.*
- २०६७ सालको दे.पु.नं. ०६६-CI-०९४८, रकम यकीन गरी फिर्ता दिलाई पाऊँ, *दीपकनाथ चालिसे वि.. जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं. २ स्थित सन्तोषी निर्माण सेवा प्रा.लि.*

## इजलास नं. ८

१

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रि. नं. ०६७-WO-०१६३, उत्प्रेषणयुक्त परमादेश, *यज्ञबहादुर भण्डारी वि. सशस्त्र प्रहरी बल हलचौक, काठमाडौं समेत*

किशुनदास तत्मा विरूद्ध हृदयनारायण तिवारी समेत भएको मोही नामसारी मुद्दामा भूमिसम्बन्धी

ऐन, २०२१ लागू भएका बखत मोही कायम हुनका लागि भूमिसुधार नियमावलीबमोजिम मोहीले आफूले कमाएको जग्गाको र जग्गाधनीको नाम समेत खुल्ने गरी १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएको हुनुपर्नेमा वादीका स्वर्गीय पिताको नाममा १ नं. लगत नै नहुनु, २ नं. अनुसूची समेत प्रकाशित नभई फिल्डबुकमा नाम लेखिएको कारण फिल्डबुकको आधारमा तयार भएको जग्गाधनी प्रमाण पूर्जामा नाम अङ्कित भएको कारण विवादित जग्गाको मोहीमा स्वर्गीय पिता थिए भनी निजको मृत्युपश्चात् यी पुनरावेदक वादीका नाउँमा मोही नामसारी गरिदिने ठहऱ्याउन कानूनसंगत् नदेखिने (*नेकाप* २०५४, निर्णय नं. ६३३०, पृष्ठ १३३) भनी सिद्धान्त समेत प्रतिपादन भएको देखिन्छ ।

प्रतिपादित उल्लिखित सिद्धान्त तथा भूमिसम्बन्धी ऐन, २०२१ मा भएको व्यवस्था समेतलाई हेर्दा खाली फिल्डबुकमा नाम उल्लेख भएकै आधारमा मात्र मोही हक कायम हुन सक्ने अवस्था देखिएन । उल्लिखित जग्गाको मोही यी निवेदक भएको भए विपक्षीमध्येका प्रहरी बल हलचोकबाट मुआब्जा वितरण भएका बखत मुआब्जा तथा क्षतिपूर्तिमा दावी गर्न जानु भनी राष्ट्रियस्तरको दैनिक गोरखापत्रमा मिति २०६५।२।१३ र १४ मा सूचना प्रकाशित भएपछि निवेदन दिई सम्बन्धित  निकायमा जानु पर्नेमा सोतर्फ कुनै कारवाही अगाडि बढाएको प्रमाण कागज निवेदनसाथ पेश गर्न सकेको अवस्था समेत देखिएन भने अर्कोतर्फ मालपोत कार्यालयबाट पनि काठमाडौं जिल्ला अदालतको मिति २०६३।७।१३ को फैसलाबमोजिम उक्त जग्गा मिति २०४२।५।२० मा कृष्णबहादुर लामा समेतका नाममा दर्ता भै गएको देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट मिति २०३६।७।१३ को फैसलाले उल्लिखित जग्गामा यी निवेदकको आमा काली खत्रिनीको हक नै स्थापित नभएको अवस्थामा यी रिट निवेदकले उक्त जग्गाको मोहीको हैसियतबाट आफूले उक्त जग्गाको मुआब्जा क्षतिपूर्ति पाउनुपर्ने भन्ने दावी कानूनसम्मत् नदेखिने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल असोज ४ गते रोज ५ शुभम् ।

छयसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६७ सालको रि. नं. ०६७-WO-०१६२, उत्प्रेषणयुक्त परमादेश, *बालकुमारी नगरकोटी वि. सशस्त्र प्रहरी बल हलचोक, काठमाडौं*
- २०६७ सालको रि. नं. ०६७-WO-०१६४, उत्प्रेषणयुक्त परमादेश, *यादव रानामगर वि. सशस्त्र प्रहरी बल हलचोक, काठमाडौं समेत*

२

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको विविध निवेदन नं. ०६७-MS-००१२, अदालतको अपहेलना, *सुवास बस्न्यात वि. नेपाल वायु सेवा निगमको प्रधान कार्यालय, कान्तिपथ, काठमाडौं समेत*

निवेदक सुवास बस्न्यातले नेपाल वायु सेवा निगम प्रधान कार्यालय समेतउपर ५८ वर्षको उमेरसम्म सेवामा बहाल रहन पाउने आदेश जारी गरिपाऊँ भनी दायर गरेको संवत् २०६३ सालको रिट नं. १२२१ को उत्प्रेषणयुक्त परमादेशको निवेदनमा मिति २०६४।३।३२ मा निवेदकलाई तत्काल आवकाश  नदिनु नदिलाउनु भनी एक न्यायाधीशको इजलासबाट अन्तरिम आदेश जारी भएको र उक्त अन्तरिम आदेशलाई संयुक्त इजलासबाट मिति २०६४।४।१६ मा निरन्तरता दिएको पाइयो । उक्त निवेदनमा मिति २०६६।३।२१ मा पूर्ण सुनुवाई हुँदा रिट निवेदन खारेज भए तापनि आदेशको ठहर खण्डमा "यस अदालतबाट मिति २०६४।३।३२ मा जारी भएको अन्तरिम आदेशबमोजिम निवेदकलाई विपक्षी निगममा हाजीर गराई काममा लगाएको देखिएकोले हाजीर अवधिको निजको मागबमोजिम पाउने तलव भत्ता सुविधा सम्बन्धमा विपक्षीको दायित्व नरहने भन्न मिलेन" भनी उल्लेख भएको देखिन्छ । यसरी निवेदकलाई हाजीर अवधिको तलवभत्ता सुविधा विपक्षी निगमले दिनुपर्ने भनी उक्त आदेशको शब्दावलीमा स्पष्ट उल्लेख गरेको पाइन्छ । उल्लिखित व्यहोरा अदालतको आदेशको ठहर खण्डमा बोलिएको आफैंमा स्पष्ट आदेश हुँदाहुँदै पनि त्यसलाई केवल प्रासंगिक कथन (Obiter Dicta) हो त्यस्तो प्रासंगिक

कथन अदालतको आदेश होइन भन्ने एवं रिट खारेज भएकोले निवेदकलाई तलव भत्ता दिनु नपर्ने भन्ने जवाफ पेश गरेको देखियो । यस अदालतको मिति २०६६।३।२१ को आदेशले ठहर खण्डमा स्पष्ट शब्दमा लेखिएको व्यहोरालाई पूर्ण रूपमा अनदेखा गरी आदेशमा उल्लिखित वाक्यांशहरूमध्ये आफूलाई फाइदा हुने केही वाक्यांशहरू मात्र उल्लेख गरी आदेशको वास्तविक अर्थलाई नै बङ्ग्याउने गरी विपक्षीहरूबाट लिखित जवाफ पेश गरेको कारणबाट विपक्षीहरूले यस अदालतको आदेशको अवज्ञा गरेको कुराको पुष्टि भएको देखिने ।

२०६३ सालको रिट निवेदन नं. १२२१ मा यस अदालतबाट बङ्ग्याउने गरी नेपाल वायु सेवा निगमको तर्फबाट लिखित जवाफ पेश गर्ने निगमका तत्कालीन महाप्रवन्धक कुलबहादुर लिम्बू र सञ्चालकद्वय रञ्जनकृष्ण अर्याल र टंकमणि शर्माको कार्य गैरजिम्मेवारीपूर्ण हुनुको साथै यस अदालतको अन्तिम आदेशको अवमूल्यन एवं अवज्ञा गरेको देखिएकोले अदालतको अपहेलना गरेको ठहर्छ । सो ठहर्नाले निज विपक्षीहरू कुलबहादुर लिम्बू, रञ्जनकृष्ण अर्याल र टंकमणि शर्मालाई जनही रू. १०००।- (एक हजार रूपैया) जरीवाना हुने ठहर्छ । यो आदेशको जानकारी निज विपक्षीहरूलाई दिई यो आदेशको जानकारी प्राप्त भएका मितिले ६० दिनभित्र सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ को उपदफा २ बमोजिम विपक्षीहरूले अदालतलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा सजाय माफ समेत गर्न सकिने हुँदा विपक्षीहरूलाई यो आदेश प्राप्त भएका मितिले ६० (साठी) दिनसम्म सजायको कार्यान्वयन नगरी मुलतवी राख्नु र विपक्षीहरूबाट क्षमायाचनाको निवेदन परेमा नियमबमोजिम गर्नु । क्षमायाचना नगरेकोमा उक्त ६० (साठी) दिनपश्चात् कानूनबमोजिम सजायको कार्यान्वयन गर्नू ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल असोज २५ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रि.नं. २०६५-WO-००१४, उत्प्रेषण समेत, *नेपाल पाराओलम्पिक कमिटीको तर्फबाट अधिकारप्राप्त महासचिव गोमादेवी पौडेल वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौं समेत*

राष्ट्रिय पारा खेलकुद संघ, खेलकुदसम्बन्धी नियमनकारी निकायको रूपमा स्थापना भएको राष्ट्रिय खेलकुद परिषद्मा दर्ता नभएको र खेलकुद विकास ऐन, २०४८ को दफा १३, १४ अनुसार राष्ट्रिय खेलकुद परिषद्मा विधिवत् खेलकुद संस्थाको रूपमा दर्ता गरी मान्याता प्राप्त गरी दफा १९ अनुसार स्वीकृति लिएको नदेखिएको उक्त संस्थाले सञ्चालन गरेको खेदकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिहरू उक्त ऐनको दफा १३, १४ र १९ को विपरीत भए गरेको देखिने ।

खेलकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधि सञ्चालन गर्न, खेलकुदमा भाग लिन, खेलाडी आमन्त्रण गर्न राष्ट्रिय खेलकुद परिषद्को स्वीकृत लिनुपर्ने उल्लिखित वाध्यात्मक कानूनी व्यवस्था भए गरेको देखिएकोले राष्ट्रिय खेलकुद परिषद्मा दर्ता नभएको विपक्षीमध्येको राष्ट्रिय पारा खेलकुद संघलगायत खेलकुदसम्बन्धी अन्य संस्थालाई समेत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदसम्बन्धी गतिविधि सञ्चालन गर्न, खेलाडी आमन्त्रण गर्न वा खेलकुद प्रतियोगिता वा सभा वा सम्मेलनमा भाग लिन उक्त ऐनको दफा १९ बमोजिम राष्ट्रिय खेलकुद परिषद्बाट पूर्व स्वीकृति लिनुपर्ने भन्ने उक्त ऐनको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु र अब उप्रान्त प्रचलित कानूनअनुसार राष्ट्रिय खेलकुद परिषद्मा दर्ता नभएका खेलकुदसम्बन्धी संस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलकुद सञ्चालन गर्न र खेलाडी आमन्त्रण गर्नका लागि स्वीकृति नदिनु भनी विपक्षी राष्ट्रिय खेलकुद परिषद् र जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः महेन्द्र पोखरेल

इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको फौ.पु.नं. ०६७-CR-०१८५, अदालतको आदेशको अपहेलना, *रामप्रसाद*

*पण्डित समेत वि. मुनरसिंह राजपुत भन्ने मुनरसिंह दास वैष्णव*

अदालतबाट दावीको जग्गाको धानबाली काट्न, कटाउन निषेध गरी अन्तरिम आदेश जारी भैरहेको अवस्थामा विपक्षीहरूबाट उक्त आदेशको अवज्ञा गरी धानबाली काटी कटाई लगेको देखिन्छ । विपक्षीहरूबाट धानबाली काटी कटाई लगेकोबाट विपक्षीहरूउपर निवेदकले धनुषा जिल्ला अदालतमा लुटपीट मुद्दाको फिराद दिएको तथ्य उक्त फिरादको प्रमाणित प्रतिलिपि प्रस्तुत मुद्दाको मिसिलसाथ रहेबाट पनि पुष्टि भएको छ । यसरी विपक्षीहरूले अदालतको आदेशको पालना नगरी न्याय प्रशासन ऐन, २०४८ को दफा १८(२) बमोजिमको कसूर गरेको देखिँदा अदालतको अपहेलनाको कसूरमा पुनरावेदक विपक्षीहरूलाई तजवीज रू. २०००।- जरीवाना हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०६९ साल असोज २५ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-RC-००७९, ०६५-CR-१९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनोद गुरुङ समेत, सूर्य परियार वि. नेपाल सरकार*

रामबहादुर परियार र मृतक समेतसँग वादविवाद कुटपीट भै निजहरू आफ्नो घरमा फर्की सकेपश्चात् केही समयको अन्तरालमा प्रतिवादी विनोद गुरुङ र यी पुनरावेदक समेतका प्रतिवादीहरू मृतकको घरमा नै गई सामूहिक रूपमा चिर्पट दाउरा तथा लाठीले मृतकको टाउको समेतमा प्रहार गरेको र प्रतिवादीहरूले गरेको प्रहारको कारण मृतकको टाउकोमा चोट लागी मृतकको Cardio Respiratory System Failure भै किसान परियारको मृत्यु भएको देखिँदा उक्त घटना वारदातलाई प्रतिवादी जिकीरकै भरमा मात्र आवेशप्रेरित वा भवितव्य मान्न तथा निजहरूलाई उन्मुक्ति प्रदान गर्न न्यायोचित् नदेखिँदा यसमा निजको जिकीरअनुरूप ज्यानसम्बन्धीको ५ र ६ अथवा १४ नं. आकर्षित हुन सक्ने देखिएन । प्रतिवादीहरूले वादविवाद परेको केही समयको अन्तरालमा मृतकको घरमा गई चिर्पट दाउरा र लाठी जस्ता वस्तुले मृतक किसान परियारको टाउको समेतमा गरेको प्रहारबाट निजको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादीहरूले गरेको उपरोक्त कार्य ज्यानसम्बन्धीको १ नं. को प्रतिकूल भै निजहरूले ऐ. १३(३) बमोजिमको कसूर गरेको देखिँदा प्रतिवादीहरू विनोद गुरुङ र सूर्य परियारलाई शुरू अभियोग माग दावीबमोजिमको कसूरमा कसूरदार ठहऱ्याई ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैद हुने ।

घटना वारदात हुँदाको अवस्था प्रतिवादीहरू १७ वर्षको कलिलो उमेरका व्यक्ति भै निजहरूले आरोपित कसूरबाट उन्मुक्ति पाउन छलछाम नगरी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत घटना सम्बन्धमा यथार्थ व्यहोरा उल्लेख गरी अनुसन्धान कार्यलाई सहयोग पुऱ्याई न्यायिक प्रक्रियालाई सहज तुल्याएको पाइँदा निजहरूको कलिलो उमेर समेतलाई दृष्टिगत गर्दा कानूनअनुसार ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले निजहरूलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः सविना अधिकारी

इति संवत् २०६९ साल असार ३१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-RC-०६२५, कर्तव्य ज्यान चोरी, *सानुकान्छा तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले आफूलाई मृतकको घरबाट निस्किहाल भनी पटक-पटक भनेकाले तत्काल रिस उठी आवेशमा खुकुरी प्रहार गर्दा मृतकको मृत्यु भएको पुनरावेदन जिकीर सम्बन्धमा हेर्दा प्रतिवादीले मौकामा तथा अदालतमा समेत बयान गर्दा मेरो मृतकसँग पुरानो रिसइवी थियो । करीव १ महिना अघि निजको घरमा पुगी पेट दुख्यो भन्दा निजले कचौरामा तेलजस्तो तरल पदार्थ औषधि भनी खान दिइन् । सो खाएपछि मेरो मुटु पनि दुखेपछि गाउँ घरमा बुझ्दा निज बोक्सी रहेको थाहा पाएपछि मेरो रिसइवी रहेको थियो भन्ने बयान गरेको देखिँदा निजको तत्काल उठेको रिसबाट घटना घट्न नगई पुरानो रिस पनि रहेको देखिनुको

अतिरिक्त निजले मृतकलाई खुकुरीले १ पटक मात्र प्रहार नगरी पटक-पटक प्रहार गरेको कुरा लास प्रकृति मुचुल्का तथा लास जाँच प्रतिवेदनबाट देखिरहेको अवस्था र खुकुरी प्रहारपछि मृतक चल्न छोडेपछि निजको गरगहना समेत चोरी गरी लिई हिँडेको अवस्था मिसिलसंलग्न कागजातबाट देखिँदा प्रतिवादी सानुकान्छा तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम जन्मकैद हुने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०६७७, कर्तव्य ज्यान, *मीनादेवी राम चमार वि. नेपाल सरकार*

मृतकले तत्काल आफूलाई करणी गरेको रिसबाट पछि आफूले व्यहोर्नु पर्ने सामाजिक कलंक तथा समाजमा हुने अवगाल सम्झी बञ्चरो प्रहार गर्दा मृतकको मृत्यु भएको देखिन्छ । आफूले गरेको प्रहारबाटै मृतकको मृत्यु भएको भनी प्रतिवादीले मौकामा तथा अदालतमा बयान गरी अदालतलाई सहयोग पुऱ्याउनुका अतिरिक्त प्रतिवादीको उमेर समेतलाई मध्यनजर गर्दा ऐनबमोजिम सजाय गर्दा प्रतिवादीलाई चर्को पर्न सक्ने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम ५ (पाँच) वर्ष मात्र सजाय हुने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः सविना अधिकारी
इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-WH-००१०, बन्दीप्रत्यक्षीकरण, *विक्रम न्यौपाने वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

बन्दीप्रत्यक्षीकरणको निवेदनमा कुनै व्यक्ति गैरकानूनी रूपमा थुनामा राखिएको छ, छैन भनी विचार गरी गैरकानूनी थुनामा रहे भएको देखिएमा थुनामुक्त गर्न आदेश जारी गर्ने हो । तर, प्रस्तुत निवेदनमा थुनामा रहेका भनिएका निवेदकहरू नै थुनामुक्त भइसकेको र निजहरू तर्फका विद्वान कानून व्यवसायीले पनि त्यसलाई अन्यथा भन्न नसकेको अवस्थामा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः शम्भुप्रसाद साह
इति संवत् २०६९ साल भदौ ३१ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-CR-०२९१, २०६८-CR-०५७४, लागू औषध खैरो हेरोइन, *आइतराम तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. देशीबहादुर तामाङ*

यी प्रतिवादीको संगसाथबाट दुई ग्राम तथा निजहरू बस्ने डेराबाट २८ ग्राम लागू औषध बरामद भएको देखिन्छ । सो बरामदी मुचुल्का तयार गर्दा यी प्रतिवादी पनि रोहबरमा बसी सहीछाप गरिदिएको अवस्था देखिन्छ भने सो बरामदी मुचुल्कालाई रोहबरमा बस्ने प्र.स.नि. शुभलक्ष्मी लामा, प्र.ह. मोहनचन्द्र गिरी तथा प्र.स.नि. होमविक्रम कार्कीले अदालतमा आई बकपत्र गरिदिई पुष्टि गरिदिएको पाइन्छ । निजहरूबाट बरामद भएको वस्तु लागू औषध खैरो हेरोइन भएको भन्ने विधिविज्ञान प्रयोगशाालाको परीक्षण प्रतिवेदनबाट देखिन्छ । निजले आफ्नो इन्कारी बयानलाई साक्षी समेत उपस्थित गराई समर्थन गराउन सकेको देखिँदैन भने निजसँग पक्राउ परी अनुसन्धानको क्रममा निजलाई पोल गर्ने अर्का प्रतिवादी देशीबहादुर तामाङ आफूलाई जिल्ला तथा पुनरावेदन अदालतबाट सजाय गर्ने गरी भएको फैसला स्वीकार गरी पुनरावेदन समेत नगरी बसेको अवस्था देखिए समेतबाट यी प्रतिवादीलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(६)(२) बमोजिम जनही १० वर्ष कैद र रू. ७५,०००।- जरीवाना हुने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
शाखा अधिकृतः मनोज श्रेष्ठ
इति संवत् २०६९ साल साउन २२ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०६२४, ०९५७, कर्तव्य ज्यान, *बुद्धिबहादुर आले वि.नेपाल सरकार, रामकुमार राई वि. नेपाल सरकार*

लास मुचुल्का हेर्दा घोप्टो परी पानीमा तैरिरहेको शरीरभरि हिलो मडारिएको, ओठमा नीलो डाम, घाँटीमा निकै रातो एवं सुन्निएकोले घाँटी थिची सुन्निएको हुनसक्ने भन्ने देखिन्छ । त्यसैगरी शव परीक्षण प्रतिवेदन (Autopsy Report) मा मृत्युको कारणमा Strangulatuion, most likely manual strangulation (Most likely manner of death: Homicide) भन्न देखिने ।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानअनुसार मिति २०५६।३।११ गते अन्दाजी २०:३० बजेको समयमा जिल्ला भक्तपुर म.थि.न.पा. वडा नं. १६ स्थित रमेश भन्नेको पसलमा राजेन्द्र अधिकारी र बुद्धिबहादुर आले भेट भई केही रक्सी खाई दुबै जना मिली निज बुद्धिबहादुर आलेको श्रीमती पोइल लग्ने रामबहादुर राईसँग भेट्न भनी निजको कोठातर्फ जान लाग्दा प्रतिवादी रामकुमार राई बाटोमा नै भेटेपछि निजले राजेन्द्र अधिकारीलाई मेरो कोठा मेरा जारलाई किन देखाउन ल्याइस् भनी एक थप्पड हाने । राजेन्द्र अधिकारीले पनि रामकुमार राइलाई हान्न खोज्दा निजले छलेकाले लड्न पुगी निज उठेर रामकुमार राईलाई हान्न खोज्दा बुद्धिबहादुरलाई जोड्ले गालामा हानी दियो । बुद्धिबहादुरले रिस उठी राजेन्द्र अधिकारीलाई हानेर पल्टाई दिए । त्यसपछि रामकुमार राई र बुद्धिबहादुर आलेले मृतकलाई कुटपीट गर्दा निज बेहोस जस्तै भयो निजलाई बुद्धिबहादुर र रामकुमार राईले हातले समाती अन्दाजी १०० मीटर दक्षिणतर्फ रहेको मनोहरा खोलामा पुऱ्याई पालैपालो घाँटी थिची मारी घोप्टो पारी पानीमा फाली दिएको हो भन्ने समेत व्यहोराको प्रतिवादीहरू बुद्धिबहादुर आले र रामकुमार राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट मृतक राजेन्द्र अधिकारीसँग प्रतिवादीहरू बुद्धिबहादुर घले र रामकुमार राईको झगडा भएको र सोही झगडाको कारणबाट नै प्रतिवादीहरूले मृतकको घाँटी थिची मारेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरू दुबै जनाले पालैपालो गरी मृतक राजेन्द्र अधिकारीको घाँटी थिची कर्तव्य गरी मारेको देखिँदा प्रतिवादीहरू बुद्धिबहादुर आले र रामकुमार राईलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६९ सालको रिट नं. ०६९-WS-००३३, नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७ को उपधारा (१) बमोजिम बाझिएका ऐन र नियमहरू प्रारम्भदेखि असंवैधानिक र बदर घोषित गरिपाऊँ, *अरूणा पोखरेल वि. सम्माननीय राष्ट्रपतिको कार्यालय समेत*

अदालतको समय नागरिक तथा व्यक्तिहरूकै नासो हो, धरोहर हो । प्रमाण ऐन, २०३१ को दफा ३४(१) को प्रतिवन्धात्मक वाक्यांश अर्थात् कानूनी बुँदामा विवन्धन लाग्दैन भन्ने कुरा खारेज गरिदिनु पर्ने, पञ्चकृत मोल नआए पनि लिलाम सदर गरिदिनु पर्ने, २०१९ सालदेखि चलिआएको आय टिकट दस्तुर ऐन प्रारम्भदेखि नै खारेज गरिदिनु पर्ने र कोर्टफी ऐनमा कुनै वाक्य थपिदिनु पर्ने, ब्याजको रकममा आयकर ऐनबमोजिम ब्याजदर लिने व्यवस्था थप्नुपर्ने जस्ता माग नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) को परिधिभित्र नपर्ने ।

संविधानको कुन धाराको व्यवस्थासँग कुन कानूनको कुन व्यवस्था के कसरी बाझियो भन्ने कुरा निवेदकले स्पष्टसँग आफ्नो निवेदनमा लेखेको अवस्थामा मात्र विषय विचारणीय हुन पुगी छलफल अगाडि बढाउन पर्ने हुन्छ । अन्यथा नागरिकहरूको नासोको रूपमा रहेको अदालतको समय बर्बाद गर्न अदालत स्वयं उद्यत रहेको अर्थ लाग्न पुग्छ । तसर्थ, प्रस्तुत रिटमा कारण देखाउ आदेश जारी गरिरहनु परेन । रिट निवेदन नै खारेज हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल मंसिर २२ गते रोज ६ शुभम् ।

## अन्य आदेश

**स.प्र.न्या. श्री खिलराज रेग्मी, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरत बहादुर कार्की, नि.नं.** ०६९-AP- ०१५१ र ०१५२, गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *खुमबहादुर खड्का वि.नेपाल सरकार*

यसमा यस अदालतबाट भएको फैसलाबमोजिम लागेको कैदवापत अ.वं. १९४ नं. र सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५(११) बमोजिम जेथा जमानत लिई कैद मुक्त हुन पाऊँ भन्ने समेत निवेदकको मुख्य जिकीर रहेको देखिन्छ।

वादी नेपाल सरकार विरुद्ध यिनै निवेदक समेत प्रतिवादी भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने प्रस्तुत मुद्दामा यस अदालतबाट मिति २०६९।४।३० मा निवेदकलाई विगोबमोजिम जरीवानाका साथै एक वर्ष छ महिना कैद हुने गरी भएको फैसलाबमोजिम ६० दिनभित्र निवेदक स्वयं उपस्थित भई मुलुकी ऐन दण्ड सजायको ४१क. नं. बमोजिम अन्तिम फैसला कार्यान्वयनका क्रममा स्वयं उपस्थिति हुने प्रतिवादीले जरीवाना र कैद सजायमा पाउने २० प्रतिशत छूट सुविधा समेत लिई जरीवाना दाखिल गरी कैदमा बस्न मञ्जूर भई कैद सजाय भुक्तान गरिरहेको भन्ने देखिन्छ।

मुलुकी ऐन अ.वं.१९३क.नं.ले मातहत अदालतबाट भएको कुनै मुद्दाको फैसलाउपर पुनरावेदन वा उजूरी सरहको निवेदन गर्ने सम्बन्धमा सामान्य कानूनी व्यवस्था गरेको देखिन्छ। अन्य विषयका अतिरिक्त उक्त नम्बरमा फौजदारी मुद्दाको फैसलाले लागेको कैद भुक्तान नगरी वा ठहर भएको जरीवाना दाखिला नगरी वा सोवापत जेथा जमानत नदिई पुनरावेदन वा उजूरी सरहको निवेदन लाग्ने छैन भन्ने समेत कानूनी व्यवस्था गरेको देखिन्छ। उक्त कानूनी व्यवस्थाको अपवादको रूपमा रहेको अ.वं.१९४ नं. ले पुनरावेदन सुन्ने अड्डाको तजवीजबाट केही निश्चित् फौजदारी मुद्दाहरूमा भएको फैसलाबमोजिम लागेको कैदवापत थुनामा नबसी धरौटी वा जमानत लिई पुनरावेदन गर्न सुविधा प्रदान गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। यसबाट पुनरावेदन गर्ने विषयमा त्यस्तो सुविधा प्राप्त हुन सक्ने भन्ने सो नम्बरको कानूनी व्यवस्था रहेको देखिन आयो। यस सन्दर्भमा अ.वं. १९३क. र १९४ नं. नै सारवान व्यवस्था देखिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २(११) लगायत अन्यत्र रहे भएका कुनै पनि कानूनी व्यवस्थाले सारवान कानूनको स्वरूप ग्रहण गर्न सक्दैन। यस परिप्रेक्ष्यमा उक्त नियम २५(११) को कानूनी व्यवस्थालाई कार्यविधिगत व्यवस्थासम्म मान्नुपर्ने। यसका अतिरिक्त यस प्रकारको सुविधाको माग अ.वं. ४७ नं. बमोजिम तारीखमा रही पुर्पक्ष गर्नुपर्ने मुद्दाहरूका सन्दर्भमा माग गर्न मिल्ने हो। सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५९ बमोजिम मुलुकी ऐन अदालती बन्दोबस्तको १९४ नं. को अवस्थामा बाहेक पुनरावेदन तहको मुद्दामा तारीखमा नराखिने व्यवस्था गरिएको देखिन्छ। तारीख गुजारेमा धरौटी जफत हुने अ.वं. १२४ र १२४क. नं. को कानूनी व्यवस्थाबाट समेत तारीख गुजारेमा धरौटी जफत हुने व्यवस्था देखिन्छ। तर सर्वोच्च अदालतमा दिइने पुनरावलोकनको निवेदनमा तारीखमा राख्ने कानूनी व्यवस्था नै भएको नदेखिँदा निवेदकको मागबमोजिमको सुविधा प्रदान गर्न मिल्ने अवस्था समेत विद्यमान देखिन नआउने।

निवेदकतर्फका विद्वान कानून व्यवसायीहरूले दोहोऱ्याई पाऊँ भन्ने निवेदनमा अ.वं. १९४ नं.को सुविधा प्रदान गरिँदै आएको र सर्वोच्च अदालत नियमावलीको नियम २५(११) मा पुनरावलोकन भन्ने शब्द समेत परेको हुँदा पुनरावलोकनको निवेदनमा पनि त्यस्तो सुविधा पाउनु पर्ने भनी जिकीर लिएको पाइयो। वस्तुतः दोहोऱ्याई पाउनका लागि दायर हुने निवेदन पुनरावेदन अदालतको फैसलाउपर सो भन्दा माथिल्लो तहमा रहेको यस अदालतमा दायर हुने निवेदन हो। त्यस्तो निवेदनमा निस्सा प्रदान भएको अवस्थामा पुनरावेदनको रूपमा मुद्दा दर्ता भई पुनरावेदन अदालतको फैसला मिले नमिलेको कुरा परीक्षण गर्ने गरिन्छ। तर पुनरावलोकनको निवेदन यस अदालतबाट भएको अन्तिम फैसलाउपर सीमित आधार र अवस्था विद्यमान रहेको अवस्थामा दिइने विशिष्ट प्रकृतिको निवेदन हो। यथार्थमा दोहोऱ्याई पाऊँ भन्ने निवेदन र पुनरावलोकनको निवेदन लाग्ने र त्यसउपर सुनुवाई गर्ने प्रक्रिया र आधार नै फरक-फरक हुँदा ती दुईलाई एकै अर्थमा लिई पुनरावलोकनको निवेदनको प्रक्रियामा समेत अ.वं.१९४ को सुविधा माग गर्न नमिल्ने।

यसको अतिरिक्त प्रस्तुत निवेदनसँग सम्बन्धित पुनरावलोकन गरिपाऊँ भन्ने निवेदनमा आज यसै इजलासबाट पुनरावलोकनको निस्सा प्रदान नहुने गरी आदेश भैसकेको अवस्था हुँदा समेत प्रस्तुत निवेदनहरूको सन्दर्भमा रजिष्ट्रारबाट भएको आदेशका सन्दर्भमा थप विचार गरिरहनु पर्ने अवस्था नभएकोले कानूनबमोजिम गर्नू।

इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ शुभम्।

## कैलाली जिल्ला अदालतको नवनिर्मित भवनको समुद्घाटन कार्यक्रम



सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी कैलाली जिल्ला अदालतको प्रवेशद्वारमा रहेको शिलालेखको अनावरण गरी नवनिर्मित अदालत भवनको समुद्घाटन गर्नुहुँदै ।

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले कैलाली जिल्ला अदालतको नवनिर्मित भवनको २०६९ साल मंसिर २९ गते धनगढीमा समुद्घाटन गर्नुभयो । द्वन्द्वकालमा आक्रमणमा परी भत्किएको कैलाली जिल्ला अदालतको नयाँ भवनको निर्माण शान्ति तथा पुनर्निर्माण मन्त्रालयको पुनर्निर्माण कार्यक्रमअन्तर्गत करिब ६ करोड रुपैयाँको लागतमा सम्पन्न भएको हो ।

धनगढी शहरको केन्द्रमा अवस्थित अदालत भवन आधुनिक प्रविधिको प्रयोगसहित भूकम्प प्रतिरोधात्मक बनाइएको छ । हाल एउटा इजलास सञ्चालन भइरहेको कैलाली जिल्ला अदालतमा भविष्यमा मुद्दाको संख्या बढेको अवस्थामा तीनवटासम्म इजलास थप गरी जम्मा चारवटा इजलास सञ्चालन गर्न सकिने गरी निर्माण गरिएको छ । करिब बाईस कट्ठा जग्गामा निर्मित सो भवनको बाहिर मुख्य प्रवेशद्वारमा सुरक्षाकर्मी भवन, पर्याप्त पार्किङ्ग र सुन्दर फूलबारी रहेको छ भने भवनको पछाडि न्यायाधीश एवं कर्मचारीका लागि आवास निर्माण गर्न पुग्ने जग्गा समेत रहेको छ । अदालत भवनभित्र प्रवेश गर्नेबित्तिकै सेवाग्राहीहरुको सुविधालाई दृष्टिगत गरी प्रतिक्षालयको व्यवस्था रहेको छ । सहज कार्यवातावरण रहेको सो भवनमा आधुनिक इजलासका अतिरिक्त न्यायाधीश च्याम्बर, स्रेस्तेदार कक्ष, तहसीलदार कक्ष, मुद्दा फाँट, दर्ता फाँट, सोधपुछ कक्ष, अभिलेख कक्ष आदि रहेका छन् भने भवनमा सहज रूपबाट न्याय सेवा प्रवाह गर्ने उद्देश्यसहित भवनलाई अपाङ्गमैत्री बनाइएको छ ।

पुनरावेदन अदालत दिपायलका माननीय मुख्य न्यायाधीश श्री दीपकराज जोशीज्यूको अध्यक्षतामा सम्पन्न भएको समुद्घाटन कार्यक्रममा कैलाली जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री विष्णु सुवेदीज्यूले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कैलाली जिल्ला अदालतको नवनिर्मित भवनको प्रवेशद्वारमा रहेको शिलालेखको अनावरण गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले नवनिर्मित भवनको अवलोकन र निरीक्षण गर्नुभएको थियो भने भवनका विभिन्न कार्यकक्ष र व्यवस्थाका बारेमा माननीय जिल्ला न्यायाधीश श्री विष्णु सुवेदीज्यूले जानकारी गराउनुभएको थियो । नवनिर्मित भवनको समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले न्यायपालिकाले



सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी कैलाली जिल्ला अदालत भवनको समुद्घाटनपश्चात अदालतका विभिन्न कक्षहरुको अवलोकन गर्नुहुँदै (साथमा माननीय जिल्ला न्यायाधीश श्री विष्णु सुवेदी)

सदैव न्यायको मान्यतालाई आदर्श मान्दै जनताको बृहत्तर हितलाई केन्द्र बनाई कार्य गर्दै आएको बताउनुभएको थियो । सोही क्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले न्यायपालिकामा कार्यरत न्यायिक जनशक्तिको सेवाग्राहीप्रतिको सकारात्मक व्यवहार एवं शीघ्र एवं सहज सेवाप्रवाहले न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गराई यसप्रतिको जनस्वामित्वभावलाई थप गाढा तुल्याउने गर्दछ भन्दै न्यायपालिकाले सेवाग्राहीलाई शुद्ध एवं निष्पक्ष ढङ्गबाट सेवाको प्रत्याभूति मार्फत न्याय सम्पादनलाई सरल, सहज एवं पहुँचयोग्य बनाई न्यायिक सुव्यवस्था कायम गर्ने उद्देश्यबाट अघि बढिरहेको बताउनुभएको थियो । साथै न्याय र कानूनका सिद्धान्त एवं अभ्यासहरू प्राचीन, मध्ययुगीन, आधुनिक हुँदै हालको उत्तर-आधुनिक अवस्थासम्म आई समयसापेक्ष ढङ्गबाट क्रमशः रुपान्तरित हुँदै गइरहेको परिवेशमा न्यायपालिकालाई आधुनिक एवं नवीन प्रविधियुक्त तुल्याई शीघ्र एवं सरल न्याय सम्पादन गर्ने निकायका रूपमा विकसित गर्ने तर्फ क्रमशः केन्द्रित हुँदै आइरहेको कुरा व्यक्त गर्नुभएको थियो । सम्बोधनकै क्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रेग्मीले वर्तमान समयमा न्यायपालिकाले परिवर्तित सन्दर्भ एवं घटनाहरूसँग परिचित हुँदै सँधै आफूलाई अटल रूपमा संविधान, कानून, न्यायका मान्य सिद्धान्त एवं नागरिक हकहितका पक्षमा उभ्याउँदै निरन्तर क्रियाशील रहँदै आउनुपर्ने अवस्था रहेको भन्दै न्यायपालिकाप्रतिको जनआस्था सँगसँगै जनताको न्यायपालिकासँगको अपेक्षामा पनि बृद्धि भएका कारण त्यस्ता अपेक्षाहरुलाई साकार रूप प्रदान गर्नेतर्फ समग्र न्यायपालिकाको ध्यान केन्द्रित रहेको धारणा पनि व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पुनरावेदन अदालत दिपायलका माननीय मुख्य न्यायाधीश श्री दीपकराज जोशीज्यूले वर्तमान समयमा न्याय सम्पादनमा रहेका विविध पक्षहरुका बारेमा आफ्नो धारणा राख्नुभएको थियो । मन्तव्यकै क्रममा बरिष्ठ अधिवक्ता थानेश्वर भट्टले न्यायपालिकाले जनताको नागरिक हकको रक्षा गर्ने सवालमा विद्यमान संक्रमणकालीन अवस्थामा अत्यन्त संवेदनशील रहनुपर्ने भन्दै वर्तमान समयमा न्यायपालिकाको प्रभावकारी भूमिकाको आवश्यकता रहेको औँल्याउनुभएको थियो भने कैलाली जिल्ला अदालत बार एशोसियशनका अध्यक्ष गंगाराम पाध्याले हाल न्यायपालिकासामु विविध जिम्मेवारी र चुनौती रहेकोले न्यायपालिकाको स्वतन्त्रता रक्षार्थ सबै पक्षबाट सकारात्मक कार्य हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो । कार्यक्रममा कैलाली जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी, बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधि, समाजसेवी लगायतले पनि मन्तव्य राख्नुभएको थियो ।